कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# घलेम्दी हाईड्रो लिमिटेड

## GHALEMDI HYDRO LIMITED

रजिष्ट्राड कार्यालय,का.म.न.पा,वडा नं. १६, वनस्थली, काठमाण्डौ ।
फोन नं.+९७७ ०१५९०२५२० इमेल : ghalemdi@gmail.com, वेभसाइट :www.ghalemdi.com

को

# "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.५५,००,००,०००/-(अक्षरेपी पच्पन्न करोड मात्र) बराबरको प्रति शेयर रु.१००।- अंकित दरका ५५,००,००० (अक्षरेपी पचपन्न लाख मात्र) कित्ता साधारण शेयरको १ : २ (अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ २ कित्ता साधारण शेयर) को अनुपातमा रु.१,१०,००,००,०००/- (अक्षरेपी एक अर्ब दश करोड मात्र) बराबरको प्रति शेयर १००/- अंकित दरका १,१०,००,००० (अक्षरेपी एक करोड दश लाख मात्र) कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**संस्थाको विगत तीन वर्ष र प्रक्षेपित तीन वर्षको प्रमुख वित्तीय सुचक:**

| विवरण | वास्तविक | | | अपरिस्कृत* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ | आ.ब. ०७८/०७९ | आ.व. २०७९/०८० | आ.ब. ०८०/०८१ | आ.ब. ०८१/०८२ | आ.ब. ०८२/०८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११० | १०४ | ८९ | ७६ | ९४ | ९८ | ९७ |
| प्रति शेयर आम्दानी (रु.) | ८ | (६) | (१३) | (१३) | २ | ४ | (१) |
| संचित नाफा/(नोक्सान) (रु.हजारमा) | ४५२५६ | (३४२३२) | (७३२६४) | (७३५८९) | ३७,६३४ | ६३,२७२ | (१४,७५६) |

* नोट: व्यवस्थापनबाट प्रमाणित आ.व. २०७९/८० को अपरिस्कृत वित्तीय विवरण ।

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण:**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं । सो बारे यस विवरणको दफा (स) मा उल्लेख गरिएको छ ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकाले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजानाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ),पृष्ठ नं.२१ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमीटेड ( Infomerics Credit Rating Nepal Limited), बानेश्वर ,काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८०/०४/२४ गते IRN B (Is) [Single B (Issuer)] प्रमाणपत्र प्राप्त गरेको छ । IRN B (Is) [Single B (Issuer)] ले कम्पनीको High risk of default regarding timely servicing of financial obligations रहेको जनाँदछ । इन्फोमेरिक्स रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA (Is) देखि IRN D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड IRN AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड IRN D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड IRN B (IS), IRN C (IS), IRN D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने (जोड) वा -(घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (व) पृष्ठ नं.२७ मा उल्लेख गरिएको छ ।

रेटिङ्ग प्रदान गरेको मिति : साउन २४, २०८० (अगष्ट ०९, २०२३) रेटिङ्ग बहाल रहने अवधि मिति :साउन २४, २०८१ (अगष्ट ०८, २०२४)

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०८०/०६/१८**
**निष्काशन खुल्ला हुने मिति :२०८०/०८/१० गते**
**निष्काशन बन्द हुने मिति : २०८०/०९/०१ गते (बैंकिङ्ग समय पश्चात्)**

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय,नारायणचौर नक्साल, काठमाण्डौं ।
फोन नं.: ४५४६१०८/०९/४५४६४७०
इमेल: info@muktinathcapital.com,
वेभसाइट:www.muktinathcapital.com

**क) संगठित संस्थाको नाम :** घलेम्दी हाईड्रो लिमिटेड **(Ghalemdi Hydro Ltd.)**

**ख) संगठित संस्थाको रजिष्ट्रर्ड कार्यालय :** कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा,वडा नं. १६, वनस्थली, काठमाण्डौंमा रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्ट्रर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

**ग) कारोवार स्थान :** यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा, वडा नं. १६, वनस्थलीमा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**कम्पनीको संक्षिप्त परिचय :**

कम्पनीको स्थापना काल देखि हाल सम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

(अ) हाम्रो देशमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले नेपाली निजी क्षेत्रका उद्यमीहरु मिलेर सर्वप्रथम मिति २०६९/०८/१४ गते रेलिनार इनर्जी प्राइभेट लिमिटेडेको नामबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) म्याग्दी जिल्लाका स्थानिय बासिन्दाहरु तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले पुन मिति २०७०/०९/२४ गते नाम परिवर्तन गरी घलेम्दी हाईड्रो लिमिटेडको रुपमा पब्लिक लिमिटेडमा परिणत भएको कम्पनी हो ।

(आ) कम्पनीमा स्थापना कालमा १,३०२ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुले, १० प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले र २० प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँड गरिएको छ । मिति २०७८ पौष ३० गते देखि कम्पनीको संस्थापक शेयरको Lock–in पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेकाले कम्पनीमा साधारण शेयर समुह मात्र रहेको छ ।

(इ) कम्पनीले म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ४ स्थित आफ्नै स्वामित्वमा घलेम्दी खोला जलविद्युत आयोजना (५) मेगावाट विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०७०/०९/१४ गते (४ मेगावाटको लागि) र मिति २०७०/१२/२५ (थप १ मेगावाटको लागि) प्राप्त गरेको छ भने उक्त अनुमती पत्र मिति २१०५/०९/१३ गते सम्म बहाल रहनेछ ।

(ई) कम्पनीले घलेम्दी खोला जलविद्युत आयोजना (५ मेगावाट) निर्माण सम्पन्न गरी २०७६ फाल्गुण ५ गते देखि व्यापारीक उत्पादन सुरु गरी हाल सम्म निरन्तर विद्युत विक्रि गरिहेको छ । यस आयोजनाको वित्तिय व्यवस्थापन श्री लुम्बिनी विकास बैंक लिमिटेडको अगुवाईमा Consortium निर्माण गरी सम्पन्न गरिएको छ ।

| कुल लागत (रु.) | जम्मा ऋण (रु.) | बक्यौता ऋण (रु.) | ऋण उपभोग शुरु मिति | ऋण भुक्तान अवधि |
|---|---|---|---|---|
| १,४०,४४,०२,८५१ | ८५,४९,२८,९१३ | ८६,७९,०७,४६६ | २०७३/०९/२० | १५ वर्ष |

**आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्रि दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :**

| महिना | ऊर्जा परिमाण (सम्झौता अनुरुप) | ऊर्जा परिमाण (विद्युत उत्पादन) | दर (रु.) | आय विवरण (रु.) |
|---|---|---|---|---|
| आ.व.२०७९/०८० | | | | |
| श्रावण | ३४६४४३६ | ० | | ० |
| भाद्र | ३४६४४३६ | २०२४१० | ५.०९ | १०३०२६६.९० |
| आश्विन | ३४६४४३६ | ३०३९६८० | ५.०९ | १५४७१९७१.२० |
| कार्तिक | ३३५२६८० | १८९४००० | ५.०९ | ९६४०४६० |
| मंसिर | २०४३२६५ | १४०८९३० | ५.०९ | ७१७१४५३.७० |
| पौष | १५५८२०६ | ११८८०८० | ८.९ | १०५७३९१२ |
| माघ | १०८७३५५ | ८०४०८० | ८.९ | ७१५६३१२ |
| फाल्गुण | १००१६८८ | ७६३८३० | ८.९ | ६७९८०८७ |
| चैत्र | १२२०२७० | ९२९२३० | ९.१६ | ८५११७४६.८० |

| आ.व.२०८०/०८१ | | | | |
|---|---|---|---|---|
| वैशाख | २१११३०४ | १७४७५०० | ५.२३ | ९१३९४२५ |
| जेष्ठ | २७७९२९१ | २८६८९४५ | ५.२३ | १५००४५८५.२२ |
| असार | ३५७६१९२ | १७४०२९० | ५.२३ | ९१०१७१६.६७ |

| **आयोजना** | **रोयल्टि बृद्धि आ.ब.** |
|---|---|
| घलेम्दी खोला जलविद्युत आयोजना | नभएको |

| **आयोजना** | **शत प्रतिशत आयकर छुट अवधि** | **५० प्रतिशत आयकर छुट अवधि** | **सामान्य कर लागु** |
|---|---|---|---|
| घलेम्दी खोला जलविद्युत आयोजना | ६ वर्ष | नभएको | नभएको |

(उ) **हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकमको लगानी गरिने आयोजनाको प्राविधिक पक्ष तथा सोको पछिल्लो भौतिक निर्माणको प्रगति सम्बन्धी विवरण तथा उक्त आयोजनाको प्रवद्धक संस्थाको विस्तृत विवरण :**

यस घलेम्दी हाईड्रो लिमिटेडको हकप्रद शेयर निष्काशन गरि लगानी गर्न लागेको सांग्रिला उर्जा लिमिटेड मिति २०७४।११।२५ मा कम्पनी रजिष्ट्ररको कार्यालयमा विधिवत रुपमा दर्ता भएको संस्था हो । यस कम्पनीले आफ्नो उद्देश्य अनुरुप भोटखोला -२ संखुवासभामा छुजुङ्गखोला जलविद्युत आयोजनाको विस्तृत अध्ययन गरेको छ । त्यस बाट ४ घण्टा अर्धजलाशय युक्त ६३ मेगावाट क्षमताको छुजुङ्गखोला जलविद्युत आयोजना विद्युत विकास विभागबाट मिति २०७९।१२।०२ मा उत्पादन अनुमति पत्र प्राप्त गरि निर्माण गर्न लागेको संस्था हो ।

**सांग्रीला उर्जा लि.द्वारा प्रवर्द्धन भै रहेको छुजुङ्गखोला जलविद्युत आयोजनाको प्रविधिक पक्ष :**

यस आयोजना ६३ मेगावाट क्षमताको ४ घण्टा अर्ध-जलाशययुक्त आयोजना हो । यस आयोजनाको जलाधार क्षेत्र (Catchment Area) २०३ वर्ग किलोमीटर रहेको छ । अरुण नदीको सहायक नदीका रुपमा रहेको छुजुङ्गखोलामा २० मीटर चौडाई र १४ मीटर उचाई भएको Diversion Weir बाट छुजुङ्गखोलाको पानीलाई दायाँ तर्फ Divert गरी ६ वटा इन्टेक गेटबाट पानी छिराई ७२ मीटरको Approach Tunnel बाट पानीलाई बालुवा थिग्रयाउने पोखरीमा पुऱ्याइन्छ । त्यसपछि ३.२ मीटर X ३.२ मीटरको ३३४० मीटर लामो Headrace Tunnel एवं १९१२ मीटरको Headrace Pipe बाट Peaking Pond हुँदै दोस्रो ५७७ मीटर लामो Headrace Tunnel मा प्रवेश गराईन्छ । त्यसपछि ११० मीटर उचाई र ६ मीटर गोलाई भएको Surgeshaft हुदै गएको पानीले ९३८ मिटर तल रहेको २१/२१ मेगावाटका तिनबटा Vertical Pelton टर्वाइन भित्रको Runner लाई घुमाउदै विद्युत उत्पादन गर्दछ । यसरी उत्पादित विद्युत तार मार्फत Switchyard सम्म पुऱ्याइन्छ । त्यसपछि २२० KV को Transmission line मार्फत नेपाल विद्युत प्राधिकरणको सीतलपाटी Substation पुऱ्याइ राष्ट्रिय ग्रीडमा जडान गरिन्छ । यस आयोजना High Head Project भएको हुनाले यसमा आवश्यक पर्ने संरचना तुलनात्मक रूपमा सानो हुन्छन जसकारण लागत कम लाग्ने आनुमान गर्न सकिन्छ ।

**यस आयोजना हाल निर्माणको चरणमा रहेको र यसको पछिल्लो भौतिक निर्माणको प्रगति विवरण निम्नानुसार रहेको :**

यस आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) , विद्युत खरिद बिक्रि संम्झौता (PPA) विद्युत उत्पादन अनुमतिपत्र (Generation License) प्राप्त भैसकेका छन् । यस आयोजनाको आयोजनास्थल पुग्नको लागि मोटरबाटो निर्माण भैरहेको छ । आयोजनास्थल छिटो पुग्न सकियोस भनेर ३ वटा Helipad निर्माण सम्पन्न भैसकेका छन् । आयोजनाको अध्ययन गर्नका लागि सबै ठाउँमा पुग्न सकिने गरेर गोरेटो बाटो निर्माण गरिएको छ । बीच बीचमा अस्थायी पुलहरु निर्माण गरिएका छन् । प्राविधिक एवं कामदार वस्नका लागि Camp निर्माण गरिएको छ । यस आयोजना संगै अन्य दुइवटा आयोजनाहरु पनि निर्माण प्रक्रियामा अगाडी बढीरहेका छन् । सबै आयोजनालाई आवश्यक पर्ने र सबैले उपयोग गर्न मिल्ने पुल, प्रसारण लाईन, मोटर बाटो एवं Construction Power को लागत आयोजनाको क्षमता र उपयोग अनुसार व्यहोर्ने गरी अन्य दुईवटा आयोजनासंग संम्झौता भै सकेको छ । आयोजनाको टनेल खन्ने कार्य गर्न आवश्यक विष्फोटक प्रदार्थ खरिद गर्नको लगि सम्झौता भैसकेको छ ।

**कम्पनीका उद्देश्यहरु :**
कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछः

(क) यस कम्पनीले सम्बन्धित निकायबाट स्विकृति लिनुपर्ने भएमा सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालमा रहेका विभिन्न खोला, नदिनाला, ताल तथा अन्य वैकल्पिक श्रोतबाट निजी क्षेत्रमा विद्युत शक्ति उत्पादन गरी बजारको माग बमोजिम कम तथा उच्च भोल्टेजको प्रसारण लाईन द्धारा उपभोक्ताहरुलाई सोझै बिक्री वितरण (प्रसारण) गर्ने ।
(ख) नेपाल सरकारबाट समय समयमा आवहान भएका टेण्डर तथा ठेक्का पट्टामा भाग लिई विद्युत उत्पादन गरि नेपाल सरकारलाई जलविद्युत विकासमा सहयोग गर्ने कार्य गर्ने ।
(ग) विद्युत शक्तिको विकास र जलस्रोतको क्षेत्रमा आवश्यक परामर्श तथा प्रशिक्षण दिने ।
(घ) जलस्रोत सम्बन्धिका मेशिनरी सामान तथा इलोक्ट्रोनिक्स सामानहरु स्वदेश तथा विदेशबाट आयात गरि बिक्रि गर्ने तथा भाडामा दिने ।
(ङ) देशको जलविद्युत विकासको लागि सरकारी, गैर सरकारी, बुद्धिजीवी तथा यस संग सम्बन्धित फर्म कम्पनी आदि संग सहकार्य गर्दै विभिन्न सेमिनार गोष्ठीहरु संचालन गरी देशको जलविद्युत बिकासका लागि सहयोग गर्ने ।
(च) विद्युत उत्पादन, प्रसारण तथा वितरण सम्बन्धमा अनुसन्धान गरि नयाँ आयोजनाहरुको तयारी तथा कार्यान्वयन गर्ने।

**ङ) शेयर पूँजीको संरचना :**

**अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु. १,६५,००,००,०००/– (अक्षरेपी एक अरव पैसठ्ठि करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,६५,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी :** कम्पनीको जारी पूँजी रु. १,६५,००,००,०००/– (अक्षरेपी एक अरव पैसठ्ठि करोड रुपैंया मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,६५,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजीः** कम्पनीको चुक्ता पूँजी रु. ५५,००,००,०००/- (अक्षरेपी पचपन्न करोड रुपैंया मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ५५००००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना :**
हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.५५,००,००,०००/- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,६५,००,००,०००/- कायम हुनेछ । कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरेपछिको पहिलो तीन वर्षसम्म लकईन पिरियडमा रहेको यस कम्पनीको संस्थापक शेयर मिति २०७८ पौष ३० गतेदेखि लकईन पिरियड समाप्त भई साधारण शेयरमा परिणत भई खुल्ला रुपमा कारोवार भईरहेको छ । यस विवरणपत्र मार्फत रु.१,१०,००,००,000।- ( अक्षरुपी एक अर्ब दश करोड रुपैया मात्र) मूल्य बराबरको हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.१,६५,००,००,०००/- (अक्षरुपी एक अर्ब पैंसाठ्ठी करोड रुपैया मात्र) हुनेछ ।

| **हकप्रद निष्काशन गर्नुपूर्व** | **हकप्रद निष्काशन पश्चात्** |
|---|---|
| रु.५५,००,००,०००.०० | रु.१,६५,००,००,०००.०० |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**
मिति २०७८ पौष ३० गते संस्थापक शेयरको लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भै राखेको हुनाले हाल सर्वसाधारण शेयर समुह मात्र रहेको छ । सम्पूर्ण शेयर स्टक एक्सचेञ्जमा सूचिकरण भई कारोवार भईरहेको छ । बैंकबाट लिएको कर्जाको सुरक्षणका लागि कम्पनीका संचालकहरुले व्यक्तिगत तथा सामूहिक जमानी दिनु भएको छ ।

**आधारभुत (१ प्रतिशत वा सो भन्दा बढी स्वामित्व रहेको) शेयरधनीहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

| **सि.नं.** | **शेयरधनीको नाम** | **ठेगाना** | **शेयर संख्या** | **शेयर प्रतिशत** |
|---|---|---|---|---|
| १. | किशोर सुवेदी | भगवती ०५, म्याग्दी | ९२,३१० | १.६८ |
| २. | नारायण बाबु अधिकारी | मिरकोट ०८, गोरखा | १,००,००० | १.८२ |
| ३. | सिमाट पावर कम्पनी प्रा.लि. | काठमाण्डौ ३०, मैतीदेवी | ८७,५२८ | १.५९ |
| ४. | उत्तम प्रसाद बैद्य | भक्तपुर ०८, भक्तपुर | ५६,००० | १.०२ |

**ज) निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :**

हाल कायम रहेको चुक्ता पूँजी रु.५५,००,००,०००/- को १ शेयर बराबर नयाँ २ शेयर (१ : २) को अनुपातमा प्रति शेयर रु.१००।- का दरले जम्मा १,१०,००,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

मिति २०८०/०१/१६ गते कम्पनीको नवौं वार्षिक साधारण सभाबाट विशेष प्रस्ताव पारित भए बमोजिम चुक्ता पूँजी रु.५५,००,००,०००/- को १:२ को अनुपातमा रु.१,१०,००,००,०००/- बराबरको १,१०,००,००० थान हकप्रद शेयर निष्काशन गर्ने निर्णय गरी नियमनकारी निकाय श्री विद्युत नियमन आयोगबाट हकप्रद निष्काशन गर्न सहमति प्राप्त गरी श्री नेपाल धितोपत्र बोर्डमा स्वीकृतीका लागि निवेदन गरिएको छ ।

**ञ) संचालकहरुको परिचय :**

कम्पनीको संचालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव देहाय बमोजिम रहेको छ :

| **सि.नं.** | **नाम, ठेगाना** | **पद** | **उमेर (वर्ष)** | **राष्ट्रियता** | **शैक्षिक योग्यता** | **अनुभव** | **समुह** | **शेयर संख्या र शेयर प्रतिशत)** |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री किशोर सुवेदी भगवती-५, म्याग्दी | अध्यक्ष | ४५ | नेपाली | अर्थ शास्त्र र वाणिज्य शास्त्रमा स्नातकोत्तर | -२०५१ साल देखि २०५७ साल सम्म राखु भगवती कन्स्ट्रक्सन,निर्माण कार्यमा संलग्न । -नेशनल कर्पोरेशन फर टुरिजम एण्ड होटल्स- यू.ए.ईमा २०५९ साल देखि २०६१ साल सम्मको कार्य अनुभव । -घलेम्दी हाईड्रो लि.मा २०६९ साल देखि २०७६ साल सम्म कार्यकारी अध्यक्षको कार्य अनुभव र हाल सोही हाईड्रो लि.मा अध्यक्षको पदमा कार्यरत । | सर्वसाधारण | ९२,३१० (१.६८%) |
| २. | श्री नारायण बाबु अधिकारी मिरकोट-८, गोरखा | संचालक | ५२ | नेपाली | वाणिज्य शास्त्रमा स्नातक | -हिमालयन ब्रुअरी लि.मा २०५९ साल देखि २०६३ साल सम्म पेय पदार्थ उत्पादकको कार्य अनुभव । -एम्को इन्टरनेशनल प्रा.ली.मा २०६३ साल देखि २०६७ साल सम्म | सर्वसाधारण | १,००,००० (१.८२%) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मोटर डिलरको कार्य अनुभव ।<br>-घलेम्दी हाईड्रो लि.मा २०७० साल देखि २०७६ साल सम्म कार्यकारी संचालक तथा आयोजना निर्देशकका रुपमा कार्यरत भई हाल संचालकमा पदमा रही कार्यरत । | | |
| ३. | श्री उत्तम प्रसाद वैद्य भक्तपुर-८, भक्तपुर | संचालक | ६१ | नेपाली | मानविकी शास्त्रमा स्नातक | -गोडेन गेट गेष्ट हाउसमा २०४४ साल देखि हाल सम्म प्रबन्ध निर्देशक पदमा कार्यरत ।<br>-वाग्मती कोल्ड स्टोर्स प्रा. लि.मा २०५७ साल देखि हाल सम्म निर्देशक ।<br>-भक्तपुर उद्योग वाणिज्य संघमा २०६६ साल देखि २०६८ साल सम्म अध्यक्ष पदमा रही कार्य गरेको अनुभव ।<br>।<br>-घलेम्दी हाईड्रो लि.मा २०७० साल देखि हाल सम्म संचालक पदमा कार्यरत । | सर्वसाधारण | ५६,००० (१.०२%) |
| ४. | श्री प्रमोद श्रेष्ठ अर्थुङ्गे-२, म्याग्दी | संचालक | ५१ | नेपाली | मनविकी संकाएमा प्रविणता प्रमाणपत्र तह | -म्याग्दी उद्योग वाणिज्य संघमा २०६२ साल देखि २०६६ साल सम्म अध्यक्षको पदमा रही कार्य गरेको अनुभव ।<br>-न्यू श्रेष्ठ स.मिलमा २०६६ साल देखि हाल सम्म प्रबन्धक निर्देशक पदमा कार्यरत ।।<br>-सामाजिक व्यक्तित्व, म्याग्दी जिल्ला अन्तर्गतका विभिन्न संघ संस्थाहरुमा सक्रिय रुपमा आवद्ध ।<br>-घलेम्दी हाईड्रो लि.मा २०७० साल देखि हाल सम्म संचालक पदमा कार्यरत । | सर्वसाधारण | ५०,००० (०.९१%) |
| ५. | श्री टंक प्रसाल बरुवाल शिख-७, म्याग्दी | संचालक | ५५ | नेपाली | मनविकि संकाएमा प्रविणता प्रमाणपत्र तह | -जापानमा २०४९ साल देखि २०६९ साल सम्म विभिन्न कम्पनीहरुमा काम गरेको अनुभव ।<br>-घलेम्दी हाईड्रो लि.मा २०७० साल देखि हाल सम्म संचालक पदमा कार्यरत । | सर्वसाधारण | २०,००० (०.३६%) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | श्री शरद राज श्रेष्ठ काठमाण्डौ-१३, | संचालक | ५१ | नेपाली | सिभिल ईन्जीनियरीङ्ग मा स्नातक तथा वातावरणीय विज्ञानमा स्नाकोत्तर | -कावासोति हेभि इन्डष्ट्री जापान/कर्णाली हाईवय ब्रिज प्रोजेटमा २०४७ साल देखि २०५० साल सम्म वरिष्ठ सिभिल ईन्जीनियरको पदमा रही कार्य गरेको अनुभव । -सिमाट पावर कम्पनीमा २०५२ साल देखि हाल सम्म बरिष्ठ सिभिल ईन्जीनियर, प्रोजेक्ट हेड हुँदै हाल सम्म संचालक पदमा कार्यरत , -घलेम्दी हाईड्रो लि.मा २०७७ साल देखि हाल सम्म स्वतन्त्र संचालक पदमा कार्यरत । | स्वतन्त्र | नभएको |
| ७. | श्री मनिषा प्रधान किर्तिपूर-०१, काठमाण्डौं | संचालक | ३३ | नेपाली | मानविकी मा स्नातक | -UK मा २०६६ साल देखि २०६८ साल सम्म विभिन्न कम्पनीहरुमा काम गरेको अनुभव । -म्याक्स मिडियामा २०७२ साल देखि २०७६ साल सम्म काम गरेको अनुभव । -चन्द्रागिरि इन्भेष्टमेन्ट ग्रुपमा २०७७ साल देखि हाल सम्म प्रमुख संचालन अधिकृत पदमा साथै घलेम्दी हाईड्रो लि. मा संचालक पदमा कार्यरत । | सर्वसाधारण | १०० (०.००१८ %) |
| ८. | श्री राजु कुमार शर्मा तनहूँ -०२ भगवाथर | संचालक | ५५ | नेपाली | डिप्लोमा मेकानिकल ईन्जिनियर | -पशुपति टि.भि. एन्ड भिडियो सेन्टरमा २०४९ साल देखि २०७१ साल सम्म प्रोपाईटर पदमा रही कार्य गरेको अनुभव । -पोखरा ट्रेड महलमा २०७४ साल देखि हाल सम्म तथा घलेम्दी हाईड्रो लि. मा २०७७ साल देखि हाल सम्म संचालक पदमा कार्यरत । | सर्वसाधारण | १०० (०.००१८ %) |

कम्पनीले पालना गर्नेपर्ने संस्थागत सुशासन सम्बन्धि निर्देशिका संचालकहरुले पालना गर्नुपर्ने सम्पूर्ण व्यवस्थाहरुको पूर्ण पालना गरिएको उद्घोषण गर्दछौं ।

नोट : कम्पनीमा हाललाई एक जना विशेषज्ञ स्वतन्त्र संचालक नियुक्त गर्न बाँकी रहेको ।

**कम्पनीको प्रमुख कार्यकारी सञ्चालकको विवरण :**

नाम : श्री अनिल पौडेल
ठेगाना : बागलुङ्ग
शैक्षिक योग्यता : वाणिज्य शास्त्रमा स्नाकोत्तर
अनुभव : करवि १० वर्ष जलविद्युत क्षेत्रमा कार्यरत ।

**ट) संचालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ९ (नौ) जना सञ्चालक सदस्यहरु रहेको सञ्चालक समिति रहने व्यवस्था छ । । संचालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन । कम्पनीमा महिला, तथा स्वतन्त्र संचालकको व्यवस्था गरिएको छ । संचालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुंदैन । तर स्वतन्त्र/व्यवसायिक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्वाचित संचालकहरु | ७ जना |
| स्वतन्त्र संचालक | २ जना |
| **जम्मा** | **९ जना** |

नोट : कम्पनीमा हाललाई एक जना विशेषज्ञ संचालक नियुक्त गर्न बाँकी रहेको ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको संचालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १ शेयर बराबर २ शेयर (१ : २) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन् ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले तोके बमोजिम पारदर्शी तरिकाद्वारा लिलाम बढाबढ गरी बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु. १००/- कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ । १:२ हकप्रद निष्काशन गर्दा यस्तो अवस्था नआउने देखिन्छ ।

**ण) संगठित संस्थाको संचालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र आगमी तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिको वित्तीय विवरण वा साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

विगत तीन बर्षको वास्तविक तथा आगामी तीन वर्षका लागि अनुमानित वित्तीय स्थिति देहाय अनुसार छ ।

## लेखापरिक्षण भएको विगत तीन आर्थिक वर्षको वास्तविक वित्तीय विवरण

### वासलात

रकम रु.मा

| विवरण | आ.व. २०७६।०७७ | आ.व. २०७७।०७८ | आ.व. २०७८।०७९ | (अपरिस्कृत)* आ.व.२०७९/०८० |
|---|---|---|---|---|
| **सम्पत्ति** | १,५६९,६११,८६७ | १,५१४,५९३,३०० | १,४५९,५७४,७३४ | १,४०४,५५६,१६८ |
| **गैह्र चालु सम्पत्ति** | | | | |
| सम्पत्ति, मेसिनरी तथा उपकरण | ४,७४८,८३१ | ४,२७५,४६४ | २,६७०,५४१ | २,४३८,६९० |
| **वित्तिय सम्पत्ति** | - | - | - | |
| सम्बद्ध कम्पनीहरुमा लगानी | - | - | - | |
| अन्य पूंजीगत लगानी | - | - | - | |
| अन्य गैह्र चालु सम्पत्ति | - | - | - | |
| डेफर्ड कर | - | - | - | |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **४,७४८,८३१** | **४,२७५,४६४** | **२,६७०,५४१** | **२,४३८,६९०** |
| **चालु सम्पत्ति** | - | - | - | |
| अन्तिम मौज्दात | - | - | - | |
| **वित्तिय सम्पत्ति** | - | - | - | |
| आसामी | ४९,२६३,९५९ | ६३,३८२,१५१ | ६०,४८८,६७३ | ४३,९९२,८७१ |
| नगद र बैंक मौजदात | २,१२९,४२५ | २,४१८,४१२ | २३१,१८६ | १,६०७,४७७ |
| मुद्दती निक्षेपमा लगानी | - | - | - | |
| अन्य चालु सम्पत्ति | १,७४५,६४३ | ३,११४,३७५ | ३,३९८,३५० | ३,८०७,५४५ |
| चालु कर सम्पत्ति | - | - | - | |
| **जम्मा चालु सम्पत्ति** | **५३,१३९,०२७** | **६८,९१४,९३८** | **६४,११८,२०९** | **४९,४०७,८९३** |
| **जम्मा सम्पत्ति** | **१,६२७,४९९,७२५** | **१,५८७,७८३,७०२** | **१,५२६,३६३,४८४** | **१,४५६,४०२,७५१** |
| **पूंजी तथा दायित्व** | - | - | - | |
| **पूंजी** | - | - | - | |
| शेयर पूंजी | ५५०,०००,००० | ५५०,०००,००० | ५५०,०००,००० | ५५०,०००,००० |
| जगेडा तथा कोषहरु | ५५,४८३,९४० | २१,२५१,७३२ | (५८,९४९,१२५) | (१३२,५३८,४५१) |
| **जम्मा पूँजी, जगेडा तथा कोषहरु** | **६०५,४८३,९४०** | **५७१,२५१,७३२** | **४९१,०५०,८७५** | **४१७,४६१,५४९** |
| **दायित्व** | - | - | - | |
| **गैह्र चालु दायित्व** | - | - | - | |
| **वित्तिय दायित्व** | - | - | - | |
| बैंक ऋण (दिर्घकालिन) | ६१२,२६२,३९७ | ८५४,६०४,६८५ | ८६८,३०८,७१० | ८६७,७७२,३७५ |
| अन्य वित्तिय दायित्व | - | - | - | |
| व्यवस्थाहरु | - | - | - | |
| डेफर्ड कर | - | - | - | |
| अन्य दायित्व | - | - | - | |
| **जम्मा गैह्र चालु दायित्व** | **६१२,२६२,३९७** | **८५४,६०४,६८५** | **८६८,३०८,७१०** | **८६७,७७२,३७५** |
| **चालु दायित्व** | - | - | - | |
| **वित्तिय दायित्व** | - | - | - | |
| बैंक ऋण (अल्पकालिन) | १,४,१७,४०,६२३ | ३,०२,६८,०१२ | २,५५,०४,१३६ | २,९२,३५,९०१ |
| संचालक ऋण (अल्पकालिन) | ६,३१,५९,६०० | ५,९२,२१,१२१ | ५,७५,४२,१२१ | ५,७५,८२,१२१ |
| अन्य भुक्तानी गर्न बाँकी दायित्व | ५२,५३३,११७ | ४१,१०२,३८७ | ३२,७१४,१२७ | ४८,०९०,१०८ |
| अन्य वित्तिय दायित्व | ५२,१३८,६१४ | ६,९५६,११६ | ८,८०४,५७६ | १०,५७४,७२६ |
| चालु कर दायित्व | - | - | - | |
| व्यवस्थाहरु | ६९,४९९,७०४ | ७७४ | - | |
| अन्य दायित्व | ३०,६८१,७३० | २४,३७८,८७५ | ३९,४३८,९३९ | २५,५३५,९७२ |
| **जम्मा चालु दायित्व** | **४०९,७५३,३८८** | **१६१,९२७,२८५** | **१६७,००३,८९९** | **१७१,१६८,८२८** |
| **जम्मा दायित्व** | **१,०२२,०१५,७८५** | **१,०१६,५३१,९७०** | **१,०३५,३१२,६०९** | **१,०३८,९४१,२०३** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,६२७,४९९,७२५** | **१,५८७,७८३,७०२** | **१,५२६,३६३,४८४** | **१,४५६,४०२,७५२** |

## नाफा नोक्सान हिसाब

रकम रु. मा

| विवरण | आ.व. २०७६।०७७ | आ.व. २०७७।०७८ | आ.व. २०७८।०७९ | (अपरिस्कृत)* आ.व. २०७९/०८० |
|---|---|---|---|---|
| आम्दानी | ४७३,०७७,८०७ | ६९,१२४,५१८ | ९१,८२०,४४७ | ९७,४५८,४४१ |
| **विक्री लागत** | - | - | - | |
| संचालन खर्च | ३६४,८९६,३७६ | ६,१४४,३९५ | ११,६८२,९८५ | २१,१७०,७९६ |
| **कूल नाफा** | **१०८,१८१,४३१** | **६२,९८०,१२३** | **८०,१३७,४६२** | **७६,२८७,६४५** |
| ह्रास कट्टी | २२,५२५,२२५ | ५५,५४६,९३३ | ५५,२००,६३६ | ५५,२५०,४१७ |
| अन्य आम्दानी | ३,०९६ | ६५,४११,०७९ | ८४,०४५ | ४०,०७५,९३५ |
| प्रशासनिक खर्च | ६,९६५,८२१ | १८,३९७,०३७ | १६,९१९,५६४ | १५,५८०,९२५ |
| स्थिर सम्पत्ति बिक्रीमा नाफा/(नोक्सान) | - | - | - | |
| **संचालन नाफा** | **७८,६९३,४८१** | **५४,४४७,२३२** | **८,१०१,३०७** | **४५,५३२,२३८** |
| वित्तीय आम्दानी | - | - | - | - |
| वित्तीय लागत | ३३,४३६,२२२ | ८८,६७९,४४१ | ८१,३६६,०६७ | ११९,१२१,५६२ |
| **आयकर अधिको नाफा / (नोक्सान)** | **४५,२५७,२५९** | **(३४,२३२,२०९)** | **(७३,२६४,७६०)** | **(७३,५८९,३२४)** |
| **आयकर खर्च** | - | - | - | |
| **कर्मचारी** | | | | |
| यस वर्षको आयकर | ७७४ | - | - | |
| डिफर्ड कर | - | - | - | - |
| **खुद नाफा** | **४५,२५६,४८५** | **(३४,२३२,२०९)** | **(७३,२६४,७६०)** | **(७३,५८९,३२४)** |
| **अन्य कम्प्रिहन्सिब आय :** | | | | |
| **खुद नाफामा समावेश नगरिएको अन्य कम्प्रिहन्सिब आय :** | | | | |
| क. इक्विटी इन्स्ट्रुमेन्टबाट भएको कम्प्रिहन्सिब आय | - | - | - | |
| ख. पुनः वर्गीकरण नगरीने वस्तुको नाफा वा नोक्सानको कर | - | - | - | |
| **कर पछिको अन्य कम्प्रिहन्सिब नाफा /(नोक्सान)** | - | - | - | |
| **कर पछिको जम्मा कम्प्रिहन्सिब नाफा/(नोक्सान)** | ४५,२५६,४८५ | (३४,२३२,२०९) | (७३,२६४,७६०) | (७३,५८९,३२४) |

## नगद प्रवाहको विवरण

रकम रु. मा

| विवरण | आ.व २०७६/७७ | आ.व २०७७/७८ | आ.व २०७८/७९ | (अपरिस्कृत)* आ.व. २०७९/०८० |
|---|---|---|---|---|
| **क. संचालन गतिविधिको नगद प्रवाह** | | | | |
| कर पछिको मुनाफा | ४५,२५६,४८७ | (३४,२३२,२०८) | (७३,२६४,७६१) | (७३,५८९,३२४) |
| **समायोजनः** | | | | |
| ह्रास कट्टी | २२,५२५,२२५ | ५५,५४६,९३४ | ५५,२००,६३६ | ५५,२५०,४१७ |
| वित्तीय आम्दानी | - | - | - | (४०,०७५,९३५) |
| वित्तीय लागत | (३३,४३६,२२२) | (८८,६७९,४४१) | (८१,३६६,०६७) | ११९,१२१,५६२ |
| स्थिर सम्पती बिक्रीमा नाफा/ नोक्सान | - | - | - | - |
| इक्विटी विधिबाट लगानीमा भएको नाफा/(नोक्सान) | - | - | - | - |
| पोस्टेड राइट अफ | - | - | - | - |
| **कार्यशील पूँजीमा एड्जष्टमेन्टः** | **३४,३४५,४९०** | **(६७,३६४,७१५)** | **(९९,४३०,१९२)** | **६०,७०६,७२०** |
| आसामीमा (बढि) / घटि | (७,५६४,२२४) | (१३,३८४,८४०) | ३,२९२,३२४ | ९,१०८,३०७ |
| अन्य सम्पती (बढि) / घटि | २०९,७२६,४९२ | (२,१०२,०८४) | (६८२,८२२) | ६,९७८,३०० |
| मुद्दती निक्षेपमा लगानी (बढि) / घटि | - | - | - | - |
| अन्तिम मौज्दात (बढि) / घटि | - | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| अन्य भुक्तानी गर्न बाँकी दायित्वहरुमा बढि/(घटि) | (२३,२१८,०६६) | (११,४३०,७३०) | (८,३८८,२६१) | १५,३७५,९८१ |
| वित्तिय दायित्व बढि / (घटि) | ३५,५९६,५९९ | (४५,१८२,४९८) | १,८४८,४६० | १,७७०,१४९ |
| अन्य दायित्व बढि / (घटि) | ७,२७०,५४६ | (६,३०२,८५५) | १५,०६०,०६५ | (१३,९०२,९६८) |
| चालु कर सम्पती (बढि) / घटि | - | - | - | - |
| चालु कर दायित्व बढि / (घटि) | - | - | - | - |
| व्यवस्थाहरुमा बढि / (घटि) | ६९,४९९,७०४ | (६९,४९८,९२९) | (७७४) | - |
| **संचालनबाट नगद प्रवाह** | **३२५,६५६,५४१** | **(२१५,२६६,६५१)** | **(८८,३०१,२००)** | **८०,०३६,४८९** |
| तिरिएको आयकर खर्च | - | - | - | - |
| **संचालन गतिविधिको खुद नगद प्रवाह** | | | | |
| **ख. लगानी गतिविधिको खुद नगद प्रवाह** | | | | |
| स्थिर सम्पत्तिको विक्रि | १,१४१,१६९,४७५ | - | १,५५५,८५३ | - |
| विक्री गर्न राखिएको सम्पतीको बिक्रीबाट | - | - | - | - |
| वित्तीय आम्दानी | - | - | - | ४०,०७५,९३५ |
| अन्य पूँजी लगानीमा (बढि) / घटि | - | - | - | - |
| सम्बद्ध कम्पनीहरुमा लगानी (बढि) / घटि | - | - | - | - |
| सहायक कम्पनीमा लगानी (बढि) / घटि | - | - | - | - |
| स्थिर सम्पत्तिको खरिद | (१,५९१,४६८,५५८) | (५५,०००) | (१३३,०००) | - |
| अर्मुत सम्पतीको खरीद | - | - | - | - |
| मुद्दती निक्षेपमा लगानी | - | - | - | - |
| नगद वाहेकको बैंक ब्यालेन्स | - | - | - | - |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(४५०,२९९,०८३)** | **(५५,०००)** | **१,४२२,८५३** | **४०,०७५,९३५** |
| **ग. वित्तिय गतिविधिको नगद प्रवाह** | | | | |
| शेयर पूँजीको निष्काशन | - | - | - | - |
| शेयर निष्काशन खर्च | - | - | - | - |
| ऋण (लिइएको) | ९०,३७१,७२३ | १२६,९३१,१९६ | १०,२६१,१५० | ३८५,४३० |
| ऋण (तिरिएको) | - | - | - | - |
| लभाशं वितरण | - | - | - | - |
| वित्तीय लागत | ३३,४३६,२२२ | ८८,६७९,४४१ | ८१,३६६,०६७ | (११९,१२१,५६२) |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **१२३,८०७,९४५** | **२१५,६१०,६३७** | **९१,६२७,२१७** | **(११८,७३६,१३२)** |
| **खुद नगद प्रवाहमा बढि / (घटि)** | **(८३४,५९७)** | **२८८,९८६** | **४,७४८,८७०** | **१,३७६,२९२** |
| **खुद विदेशी विनिमयमा भिन्नता** | - | - | - | - |
| वर्षको सुरुमा नगद तथा बैंक मौज्दात | २,९६४,०२३ | २,१२९,४२६ | २,४१८,४१२ | २३१,१८५ |
| **आषाढ मसान्त सम्मको नगद तथा बैंक मौज्दात** | **२,१२९,४२६** | **२,४१८,४१२** | **७,१६७,२८२** | **१,६०७,४७७** |

**नोटः** * व्यवस्थापन तथा लेखापरिक्षकबाट प्रमाणित आ.व. २०७९/८० को अपरिस्कृत वित्तीय विवरण ।

**स्व : पूँजीमा भएको परिवर्तनको विवरण**

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम कोष | जगेडा कोष | जम्मा शेयरधनी कोष |
|---|---|---|---|---|
| **आषाढ मसान्त २०७६ सम्म** | **५५०,०००,०००.००** | **-** | **१०,२२७,४५४.००** | **५६०,२२७,४५४.००** |
| जारी गरिएको नयाँ शेयर | - | - | - | - |
| वार्षिक खुद नाफा/(नोक्सान) | | - | ४५,२५६,४८७.०० | ४५,२५६,४८७.०० |
| शेयर निष्काशन खर्च | | - | - | - |
| लाभांश वितरण | | - | - | - |
| **आषाढ मसान्त २०७७ सम्म** | **५५०,०००,०००.००** | **-** | **५५,४८३,९४१.००** | **६०५,४८३,९४१.००** |
| जारी गरिएको नयाँ शेयर | - | - | - | - |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | (३४,२३२,२०८.००) | (३४,२३२,२०८.००) |
| शेयर निष्काशन खर्च | - | - | - | - |
| लाभांश वितरण | - | | - | - |
| **आषाढ मसान्त २०७८ सम्म** | **५५०,०००,०००.००** | **-** | **२१,२५१,७३३.००** | **५७१,२५१,७३३.००** |
| जारी गरिएको नयाँ शेयर | - | - | (७३,२६४,७६१.००) | (७३,२६४,७६१.००) |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | - | - |
| शेयर निष्काशन खर्च | - | - | - | - |
| लाभांश वितरण | - | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| गतवर्ष नाफामा हुनुपर्ने गणना | - | - | (६,९३६,०९७.००) | (६,९३६,०९७.००) |
| **आषाढ मसान्त २०७९ सम्म** | **५५०,०००,०००.००** | **-** | **(५८,९४९,१२५.००)** | **४९१,०५०,८७५.००** |

## कम्पनीको आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण

## प्रक्षेपित वासलात

**रकम रु. मा**

| **विवरण** | **आ.व.२०८०/८१** | **आ.व.२०८१/८२** | **आ.व.२०८२/८३** |
|---|---|---|---|
| **सम्पत्ति** | १,३६०,३९०,४६३ | १,३०३,७१७,१५० | १,२४७,३४६,८१२ |
| **गैह्र चालु सम्पत्ति** | | | |
| सम्पत्ति, मेसिनरी तथा उपकरण | - | - | - |
| **वित्तिय सम्पत्ति** | | | |
| सम्बद्ध कम्पनीहरुमा लगानी | - | - | - |
| अन्य पूंजीगत लगानी | - | १,१००,०००,००० | १,१००,०००,००० |
| अन्य गैह्र चालु सम्पत्ति | - | - | - |
| डेफर्ड कर | - | - | - |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **-** | **१,१००,०००,०००** | **१,१००,०००,०००** |
| **चालु सम्पत्ति** | | | |
| अन्तिम मौज्दात | - | - | - |
| **वित्तिय सम्पत्ति** | | | |
| आसामी | ५६,४८६,५९० | ४३,८३८,३५९ | १२२,२७१,४३७ |
| नगद र बैंक मौजदात | २,८७७,३८२ | ३,३०८,९९० | ४,१३६,२३८ |
| मुद्दती निक्षेपमा लगानी | १,१००,०००,००० | ७९,०००,००० | - |
| अन्य चालु सम्पत्ति | ५,८६३,६२० | ६,०३९,५२८ | ६,६४३,४८१ |
| चालु कर सम्पत्ति | - | - | - |
| **जम्मा चालु सम्पत्ति** | **१,१६५,२२७,५९२** | **१३२,१८६,८७७** | **१३३,०५१,१५६** |
| **जम्मा सम्पत्ति** | **२,५२५,६१८,०५५** | **२,५३५,९०४,०२७** | **२,४८०,३९७,९६८** |
| **पूंजी तथा दायित्व** | | | |
| **पूंजी** | | | |
| शेयर पूंजी | १,६५०,०००,००० | १,६५०,०००,००० | १,६५०,०००,००० |
| जगेडा तथा कोषहरु | (९४,९०४,३०९) | (३१,६३१,९६०) | (४६,३८७,६६४) |
| **जम्मा पूँजी, जगेडा तथा कोषहरु** | **१,५५५,०९५,६९१** | **१,६१८,३६८,०४०** | **१,६०३,६१२,३३६** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| **वित्तिय दायित्व** | | | |
| बैंक ऋण (दिर्घकालिन) | ९०३,१९१,८०३ | ८७२,४१६,८०६ | ८३७,७३८,७६८ |
| अन्य वित्तिय दायित्व | - | - | - |
| व्यवस्थाहरु | - | - | - |
| डेफर्ड कर | - | - | - |
| अन्य दायित्व | - | - | - |
| **जम्मा गैह्र चालु दायित्व** | **९०३,१९१,८०३** | **८७२,४१६,८०६** | **८३७,७३८,७६८** |
| **चालु दायित्व** | | | |
| **वित्तिय दायित्व** | | | |
| बैंक ऋण (अल्पकालिन) | २७,३११,२४८ | ३०,७७४,९९८ | ३४,६७८,०३८ |
| अन्य भुक्तानी गर्न बाँकी दायित्व | २०,९५१,३८५ | ६,२८५,४१६ | १,२५७,०८३ |
| अन्य वित्तिय दायित्व | ४,५०५,४५९ | ३,२५४,१७२ | १,७७८,२७० |
| चालु कर दायित्व | - | - | - |
| व्यवस्थाहरु | ७६८,०४४ | १,२९१,२७२ | |
| अन्य दायित्व | १३,७९४,४२५ | ३,५१३,३२४ | १,३३३,४७४ |
| **जम्मा चालु दायित्व** | **६७,३३०,५६१** | **४५,११९,१८२** | **३९,०४६,८६५** |
| **जम्मा दायित्व** | **९७०,५२२,३६४** | **९१७,५३५,९८८** | **८७६,७८५,६३३** |
| **जम्मा पूंजी तथा दायित्व** | **२,५२५,६१८,०५५** | **२,५३५,९०४,०२८** | **२,४८०,३९७,९६९** |

## प्रक्षेपित नाफा नोक्सान हिसाव

**रकम रु. मा**

| **विवरण** | **आ.व.२०८०/८१** | **आ.व.२०८१/८२** | **आ.व.२०८२/८३** |
|---|---|---|---|
| आम्दानी | १७१,४४६,००० | १७६,३००,८४५ | १८०,९१३,५७० |
| **विक्री लागत** | | | |
| संचालन खर्च | १७,०५०,०४८ | १५,९१३,७६१ | १४,५९६,२७५ |
| **कूल नाफा** | **१५४,३९५,९५२** | **१६०,३८७,०८४** | **१६६,३१७,२९५** |
| ह्रास कट्टी | ५७,१०४,३९५ | ५६,६९८,३१३ | ५६,३७०,३३८ |
| अन्य आम्दानी | ७१,८८७,६२२ | ८८,८५१,३८४ | ४६९,०२३ |
| प्रशासनिक खर्च | १७,४३४,४५६ | १७,७१६,०९७ | १८,३८१,९७८ |
| स्थिर सम्पत्ति बिक्रीमा नाफा/ (नोक्सान) | | | |
| **संचालन नाफा** | **१५१,७४४,७२३** | **१७४,८२४,०५८** | **९२,०३४,००२** |
| वित्तीय आम्दानी | - | - | - |
| वित्तीय लागत | ११३,३४२,०९६ | ११०,२६०,४३७ | १०६,७८९,७०६ |
| **आयकर अघिको नाफा/(नोक्सान)** | **३८,४०२,६२७** | **६४,५६३,६२१** | **(१४,७५५,७०४)** |
| **कर्मचारी बोनस** | | | |
| **आयकर खर्च** | ७६८,०४४ | १,२९१,२७२ | - |
| यस वर्षको आयकर | - | | - |
| डिफर्ड कर | - | | - |
| **खुद नाफा** | **३७,६३४,५८३** | **६३,२७२,३४९** | **(१४,७५५,७०४)** |
| **अन्य कम्प्रिहन्सिब आय :** | | | |
| **खुद नाफामा समावेश नगरिएको अन्य कम्प्रिहन्सिब आय :** | | | |
| क. इक्विटी इन्स्ट्रुमेन्टबाट भएको कम्प्रिहन्सिब आय | - | - | - |
| ख. पुनः वर्गीकरण नगरीने वस्तुको नाफा वा नोक्सानको कर | - | - | - |
| **कर पछिको अन्य कम्प्रिहन्सिब नाफा / (नोक्सान)** | - | - | - |
| **कर पछिको जम्मा कम्प्रिहन्सिब नाफा / (नोक्सान)** | **३७,६३४,५८३** | **६३,२७२,३४९** | **(१४,७५५,७०४)** |

## प्रक्षेपित नगद प्रवाहको विवरण

**रकम रु. मा**

| **विवरण** | **आ.व २०८०/८१** | **आ.व २०८१/८२** | **आ.व २०८२/८३** |
|---|---|---|---|
| **क. संचालन गतिविधिको नगद प्रवाह** | | | |
| कर पछिको मुनाफा | ३७,६३४,१४२ | ६३,२७२,३४९ | (१४,७५५,७०४) |
| **समायोजनः** | | | |
| ह्रास कट्टी | ५७,१०४,३९५ | ५६,६९८,३१३ | ५६,३७०,३३८ |
| वित्तीय आम्दानी | (७१,८८७,६२२) | (८८,८५१,३८४) | (४६९,०२३) |
| वित्तीय लागत | ११३,३४२,०९६ | ११०,२६०,४३७ | १०६,७८९,७०६ |
| स्थिर सम्पती बिक्रीमा नाफा/ नोक्सान | | | |
| इक्विटी विधिबाट लगानीमा भएको नाफा/(नोक्सान) | | | |
| पोस्टेड राइट अफ | | | |
| **कार्यशील पूँजीमा एड्जष्टमेन्टः** | **१३६,१९३,०११** | **१४१,३७९,७१५** | **१४७,९३५,३१७** |
| आसामीमा (बढि) / घटि | (१२,५८८,६९१) | (५९८,५९७) | (५६८,६९२) |
| अन्य सम्पती (बढि) / घटि | (१,९६१,१०२) | १३,०७०,९२० | (७८,४६८,३३९) |
| मुद्दती निक्षेपमा लगानी (बढि) / घटि | (१,१००,०००,०००) | (७९,०००,०००) | १,१७९,०००,००० |
| अन्तिम मौज्दात (बढि) / घटि | | | |
| अन्य भुक्तानी गर्न बाँकी दायित्वहरुमा बढि / (घटि) | (२७,१३८,७२३) | (१४,६६५,९७०) | (५,०२८,३३२) |
| वित्तिय दायित्व बढि / (घटि) | (६,०६९,२६६) | (१,२५१,२८८) | (१,४७५,९०१) |
| अन्य दायित्व बढि / (घटि) | (११,७४१,५४७) | (१०,२८१,१०१) | (२,१७९,८५१) |
| चालु कर सम्पती (बढि) / घटि | | | |
| चालु कर दायित्व बढि / (घटि) | | | |

| | | | |
|---|---|---|---|
| व्यवस्थाहरुमा बढि / (घटि) | ७६८,०४४ | ५२३,२२९ | (१,२९१,२७२) |
| **संचालनबाट नगद प्रवाह** | **(१,०२२,५३८,२७४)** | **४९,१७६,९०८** | **१,२३७,९२२,९३०** |
| तिरिएको आयकर खर्च | | | |
| **संचालन गतिविधिको खुद नगद प्रवाह** | | | |
| **ख. लगानी गतिविधिको खुद नगद प्रवाह** | | | |
| स्थिर सम्पत्तिको विक्रि | | | |
| विक्री गर्न राखिएको सम्पतीको बिक्रीबाट | | | |
| वित्तीय आम्दानी | ७१,८८७,६२२ | ८८,८५१,३८४ | ४६९,०२३ |
| अन्य पूँजी लगानीमा (बढि) / घटि | | | |
| सम्वद्व कम्पनीहरुमा लगानी (बढि) / घटि | - | | (१,१००,०००,०००) |
| सहायक कम्पनीमा लगानी (बढि) / घटि | | | |
| स्थिर सम्पत्तिको खरिद | (१०,५००,०००) | (२५,०००) | - |
| अर्मुत सम्पतीको खरीद | | | |
| मुद्दती निक्षेपमा लगानी | | | |
| नगद वाहेकको बैंक ब्यालेन्स | | | |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **६१,३८७,६२२** | **८८,८२६,३८४** | **(१,०९९,५३०,९७७)** |
| **ग. वित्तिय गतिविधिको नगद प्रवाह** | | | |
| शेयर पूँजीको निष्काशन | १,१००,०००,००० | | |
| शेयर निष्काशन खर्च | | | |
| ऋण (लिइएको) | (२४,२३७,३४६) | (२७,३११,२४८) | (३०,७७४,९९८) |
| ऋण (तिरिएको) | | | |
| लभाशं वितरण | | | |
| वित्तीय लागत | (११३,३४२,०९६) | (११०,२६०,४३७) | (१०६,७८९,७०६) |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **९६२,४२०,५५८** | **(१३७,५७१,६८५)** | **(१३७,५६४,७०४)** |

## ख : पूँजीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पुँजी | शेयर प्रिमियम कोष | जगेडा कोष | जम्मा शेयरधनी कोष |
|---|---|---|---|---|
| **आषाढ मसान्त २०७९ सम्म** | **५५०,०००,०००.००** | **-** | **(५८,९४९,१२५.००)** | **४९१,०५०,८७५.००** |
| जारी गरिएको नयाँ शेयर | - | - | - | - |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | (७३,५८९,३२३.००) | (७३,५८९,३२३.००) |
| शेयर निष्काशन खर्च | - | - | - | - |
| लाभांश वितरण | - | - | - | - |
| **आषाढ मसान्त २०८० सम्म** | **५५०,०००,०००.००** | **-** | **(१३२,५३८,४४८.००)** | **४१७,४६१,५५२.००** |
| जारी गरिएको नयाँ शेयर | १,१००,०००,०००.०० | - | - | १,१००,०००,०००.०० |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | ३७,६३४,१४२.०० | ३७,६३४,१४२.०० |
| शेयर निष्काशन खर्च | - | - | - | - |
| लाभांश वितरण | - | - | - | - |
| **आषाढ मसान्त २०८१ सम्म** | **१,६५०,०००,०००.००** | **-** | **(९४,९०४,३०६.००)** | **१,५५५,०९५,६९४.००** |
| जारी गरिएको नयाँ शेयर | - | - | - | - |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | ६३,२७२,३४९.०० | ६३,२७२,३४९.०० |
| शेयर निष्काशन खर्च | - | - | - | - |
| लाभांश वितरण | - | - | - | - |
| **आषाढ मसान्त २०८२ सम्म** | **१,६५०,०००,०००.००** | **-** | **(३१,६३१,९५७.००)** | **१,६१८,३६८,०४३.००** |

## सांग्रीला उर्जा लि.द्वारा प्रवर्द्धन भै रहेको छुजुङ्गखोला जलविद्युत आयोजनाको वित्तीय परिसूचक

| | | |
|---|---|---|
| १ | Net Present Value (NPV) | २,७८०,१८७,९६० |
| २ | Internal Rate of Return(IRR) | १६.९५% |
| ३ | आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि वर्षमा (Payback Period) | ४.०५ |
| ४ | आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि वर्षमा (Discounted Payback Period) | ७.६६ |

## सञ्चालन अवधीको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ

**रु. हजार मा**

| विवरण | वास्तविक | | | अपरिष्कृत* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व ०७६/०७७ | आ.व ०७७/०७८ | आ.व ०७८/०७९ | आ.व ०७९/०८० | आ.व ०८०/०८१ | आ.व ०८१/०८२ | आ.व ०८२/०८३ |
| चुक्ता पूँजी (रु. हजारमा) | ५५०००० | ५५०००० | ५५०००० | ५५०००० | १६५०००० | १६५०००० | १६५०००० |
| जगेडा कोष तथा संचित नाफा (रु. हजारमा) | - | - | - | - | - | - | - |
| **जम्मा (नेटवर्थ)** | **६०५४८४** | **५७१२५२** | **४९१०५१** | **४१७,४६१** | **१,५५५,०९५** | **१,६१८,३६८** | **१,६०३,६१२** |
| शेयर संख्या हजारमा | ५५०० | ५५०० | ५५०० | ५५०० | १६५०० | १६५०० | १६५०० |
| प्रति शेयर नेटवर्थ (रु.) | ११० | १०४ | ८९ | ७६ | ९४ | ९८ | ९७ |
| खुद नाफा (रु. हजारमा) | ४५२५६ | (३४२३२) | (७३२६५) | (७३,५८९) | ३७,६३४ | ६३,२७२ | (१४,७५६) |
| नेटवर्थमा औषत प्रतिफल (%) | ७ | (६) | (१५) | (१८) | २ | ४ | (१) |
| प्रति शेयर आम्दानी (रु.) | ८ | (६) | (१३) | (१३) | २ | ४ | (१) |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (%) | | | | (१४) | | | |

**वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :**

१) धितोपत्रको सार्वजनिक निश्कासन गर्ने आधारमा निष्काशन पश्चात आ.व. २०७९/८० मा शेयर पूँजी रु. १,१००,०००,०००/- ले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

२) नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्रि सम्झौता (PPA) को आधारमा २०७६ फाल्गुन ५ गते देखि आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन शुरु भइसकेको एवं उक्त सम्झौताको आधारमा शतप्रतिशत क्षमता उपभोग गरी कन्ट्राक्ट इनर्जीको न्यूनतम ९०% विद्युत उत्पादन तथा विक्री गरिने प्रक्षेपण गरिएको छ ।

३) कर्मचारी खर्च एंव इन्धन खर्च हरेक वर्ष ५% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।

४) अन्य खर्चहरु बार्षिक २% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।

५) विद्युत बिक्रीको दर PPA मा व्यवस्था भए बमोजिम राखिएको छ र उक्त विक्रीमा लाग्ने रोयल्टी खर्चको पनि प्रक्षेपण गरिएको छ ।

६) ह्रासकट्टी खर्च सम्बन्धमा आयोजनासँग प्रत्यक्ष सम्बन्धित प्लान्ट, मेशिनरी, जग्गा एंव अन्य संरचनाहरुलाई आयोजना अवधिभर Straight Line Method अनुसार ह्रासकट्टी गरिएको छ र अन्य सम्पत्तिहरुको हकमा सम्पतिको आयुको आधारमा ह्रासकट्टी गरिएको छ ।

७) बैंक ऋणको ब्याज गणनाको लागि बार्षिक १२% ब्याजदर लिईएको छ ।

८) कर्मचारी बोनसको व्यवस्था विद्युत ऐन, २०४९ मा भएको व्यवस्था अनुसार कर अघिको मुनाफाको २% का दरले छुट्याईएको छ ।

९) कम्पनिको IRR गणनाको लागि पुंजी लागत (बैंक ब्याजदर) वार्षिक १२% लाई आधार लिईएको छ ।

१०)मर्मत तथा सुधार जगेडा बापत विद्युत बिक्री आयको बार्षिक १% का दरले प्रक्षेपण गरिएको छ ।

११)रोयल्टी खर्चपन्ध्र बर्ष सम्म बार्षिक २% ले वृद्धि र पन्ध्र वर्ष पछि बार्षिक १०% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ।

१२)आ.व. २०७८/७९ मा राखेको सुक्खा मौसमको दर प्रति इकाई रु. ८.४० र वर्षा मौसमको लागि प्रति इकाई रु. ४.८० मा बार्षिक ३% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरणः**

यस कम्पनीको आ.व २०७८/७९ को वास्तविक वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

## वासलात (२०७९ आषाढ मसान्त)

## वासलात

रकम रु. मा

| विवरण | २०७९ आषाढ मसान्त |
|---|---|
| **सम्पत्ति** | १,४५९,५७४,७३४ |
| **गैह्र चालु सम्पत्ति** | |
| सम्पत्ति, मेसिनरी तथा उपकरण | २,६७०,५४१ |
| **वित्तिय सम्पत्ति** | - |
| सहायक कम्पनीहरुमा लगानी | - |
| सम्बद्ध कम्पनीहरुमा लगानी | - |
| अन्य पूँजीगत लगानी | - |
| अन्य गैह्र चालु सम्पत्ति | - |
| डेफर्ड कर | **२,६७०,५४१** |
| **जम्मा गैह्र चालु सम्पत्ति** | - |
| **चालु सम्पत्ति** | - |
| अन्तिम मौज्दात | - |
| **वित्तिय सम्पत्ति** | ६०,४८८,६७३ |
| आसामी | २३१,१८६ |
| नगद र बैंक मौज्दात | - |
| मुद्दती निक्षेपमा लगानी | ३,३९८,३५० |
| अन्य चालु सम्पत्ति | - |
| चालु कर सम्पत्ति | **६४,११८,२०९** |
| **जम्मा चालु सम्पत्ति** | **१,५२६,३६३,४८४** |
| **जम्मा सम्पत्ति** | - |
| **पूँजी तथा दायित्व** | - |
| **पूँजी** | - |
| शेयर पूँजी | ५५०,०००,००० |
| जगेडा तथा कोषहरु | (५८,९४९,१२५) |
| **जम्मा पूँजी, जगेडा तथा कोषहरु** | **४९१,०५०,८७५** |
| **दायित्व** | |
| **गैह्र चालु दायित्व** | |
| **वित्तिय दायित्व** | |
| बैंक ऋण (दिर्घकालिन) | ८६८,३०८,७१० |
| अन्य वित्तिय दायित्व | - |
| व्यवस्थाहरु | - |
| डेफर्ड कर | - |
| अन्य दायित्व | - |
| **जम्मा गैह्र चालु दायित्व** | **८६८,३०८,७१०** |
| **चालु दायित्व** | |
| **वित्तिय दायित्व** | |
| बैंक ऋण (अल्पकालिन) | ८६,०४६,२५७ |
| अन्य भुक्तानी गर्न बाँकी दायित्व | ३२,७१४,१२७ |
| अन्य वित्तिय दायित्व | ८,८०४,५७६ |
| चालु कर दायित्व | - |
| व्यवस्थाहरु | - |
| अन्य दायित्व | ३९,४३८,९३९ |
| **जम्मा चालु दायित्व** | **१६७,००३,८९९** |
| **जम्मा दायित्व** | **१,०३५,३१२,६०९** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,५२६,३६३,४८४** |

## नाफा-नोक्सान हिसाव (श्रावण १, २०७८ देखि आषाढ ३१, २०७९)

**रकम रु. मा**

| विवरण | आ.व.२०७८।०७९ |
|---|---|
| आम्दानी | ९१,८२०,४४७ |
| **बिक्री लागत** | |
| संचालन खर्च | ११,६८२,९८५ |
| **कूल नाफा** | **८०,१३७,४६२** |
| ह्रास कट्टी | ५५,२००,६३६ |
| अन्य आम्दानी | ८४,०४५ |
| प्रशासनिक खर्च | १६,९१९,५६४ |
| स्थिर सम्पत्ति बिक्रीमा नाफा/(नोक्सान) | |
| **संचालन नाफा** | **८,१०१,३०७** |
| वित्तीय आम्दानी | - |
| वित्तीय लागत | ८१,३६६,०६७ |
| **आयकर अघिको नाफा / (नोक्सान)** | (७३,२६४,७६०) |
| **आयकर खर्च** | |
| यस वर्षको आयकर | |
| डिफर्ड कर | |
| **खुद नाफा** | (७३,२६४,७६०) |
| **अन्य कम्प्रिहन्सिब आय :** | |
| **खुद नाफामा समावेश नगरिएको अन्य कम्प्रिहन्सिब आय :** | |
| क. इक्विटी इन्स्ट्रुमेन्टबाट भएको कम्प्रिहन्सिब आय | |
| ख. पुनः वर्गीकरण नगरीने वस्तुको नाफा वा नोक्सानको कर | |
| **कर पछिको अन्य कम्प्रिहन्सिब नाफा / (नोक्सान)** | |
| **कर पछिको जम्मा कम्प्रिहन्सिब नाफा / (नोक्सान)** | (७३,२६४,७६०) |

## नगद प्रवाहको विवरण (२०७९ आषाढ मसान्त)

**रकम रु. मा**

| विवरण | आ.व २०७८/७९ |
|---|---|
| **क. संचालन गतिविधिको नगद प्रवाह** | |
| कर पछिको मुनाफा | (७३,२६४,७६१) |
| **समायोजनः** | |
| ह्रास कट्टी | ५५,२००,६३६ |
| वित्तीय आम्दानी | |
| वित्तीय लागत | (८१,३६६,०६७) |
| स्थिर सम्पती बिक्रीमा नाफा/(नोक्सान) | (६,९३६,०००) |
| इक्विटी विधिबाट लगानीमा भएको नाफा/(नोक्सान) | |
| पोस्टेड राइट अफ | |
| **कार्यशील पूँजीमा एड्जष्टमेन्टः** | (१०६,३६६,१९२) |
| आसामीमा (बढि) / घटि | ३,२९२,३२४ |
| अन्य सम्पती (बढि) / घटि | (६८२,८२२) |
| मुद्दती निक्षेपमा लगानी (बढि) / घटि | - |
| अन्तिम मौज्दात (बढि) / घटि | - |
| अन्य भुक्तानी गर्न बाँकी दायित्वहरुमा बढि / (घटि) | (८,३८८,२६१) |
| वित्तिय दायित्व बढि / (घटि) | १,८४८,४६० |
| अन्य दायित्व बढि / (घटि) | १५,०६०,०६५ |
| चालु कर सम्पती (बढि) / घटि | |

| | |
|---|---|
| चालु कर दायित्व बढि / (घटि) | |
| व्यवस्थाहरुमा बढि / (घटि) | (७७४) |
| **संचालनबाट नगद प्रवाह** | **(९५,२३७,२००)** |
| तिरिएको आयकर खर्च | |
| पछिल्लो वर्षको समायोजन | |
| **संचालन गतिविधिको खुद नगद प्रवाह** | |
| **ख. लगानी गतिविधिको खुद नगद प्रवाह** | १,५५५,८५३ |
| स्थिर सम्पत्तिको विक्रि | |
| विक्री गर्न राखिएको सम्पतीको बिक्रीबाट | |
| वित्तीय आम्दानी | |
| अन्य पूँजी लगानीमा (बढि) / घटि | |
| सम्बद्व कम्पनीहरुमा लगानी (बढि) / घटि | |
| सहायक कम्पनीमा लगानी (बढि) / घटि | (१३३,०००) |
| स्थिर सम्पत्तिको खरिद | |
| अर्मुत सम्पतीको खरीद | |
| मुद्दती निक्षेपमा लगानी | |
| नगद वाहेकको बैंक ब्यालेन्स | **१,४२२,८५३** |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | |
| **ग. वित्तिय गतिविधिको नगद प्रवाह** | |
| शेयर पूँजीको निष्काशन | |
| शेयर निष्काशन खर्च | १०,२६१,१५० |
| ऋण (लिइएको) | |
| ऋण (तिरिएको) | |
| लभाशं वितरण | |
| वित्तीय लागत | ८१,३६६,०६७ |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **९१,६२७,२१७** |
| **खुद नगद प्रवाहमा बढि / (घटि)** | **(२,१८७,१३०)** |
| **खुद विदेशी विनिमयमा भिन्नता** | |
| वर्षको सुरुमा नगद तथा बैंक मौज्दात | २,४१८,४१२ |
| **आषाढ मसान्त सम्मको नगद तथा बैंक मौज्दात** | **२३१,२८२** |

## स्व : पूँजीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम कोष | जगेडा कोष | जम्मा शेयरधनी कोष |
|---|---|---|---|---|
| **आषाढ मसान्त २०७८ सम्म** | **५५०,०००,०००.००** | **-** | **२१,२५१,७३३.००** | **५७१,२५१,७३३.००** |
| जारी गरिएको नयाँ शेयर | - | - | (७३,२६४,७६१.००) | (७३,२६४,७६१.००) |
| वार्षिक खुद नाफा/( नोक्सान) | - | - | - | - |
| शेयर निष्काशन खर्च | - | - | - | - |
| लाभांश वितरण | - | - | - | - |
| NFRS Adjustment | - | - | (६,९३६,०९७.००) | (६,९३६,०९७.००) |
| **आषाढ मसान्त २०७९ सम्म** | **५५०,०००,०००.००** | **-** | **(५८,९४९,१२५.००)** | **४९१,०५०,८७५.००** |

**त.(१) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नुपर्नेः**

## वासलात

रकम रु. मा

| विवरण | आ.व.२०७९/०८० -आषाढ मसान्त सम्म) |
|---|---|
| **सम्पत्ति** | १,४०४,५५६,१६८ |
| **गैह्र चालु सम्पत्ति** | |
| सम्पत्ति, मेसिनरी तथा उपकरण | २,४३८,६९० |
| **वित्तिय सम्पत्ति** | |
| सम्बद्ध कम्पनीहरुमा लगानी | |
| अन्य पूँजीगत लगानी | |
| अन्य गैह्र चालु सम्पत्ति | |
| डेफर्ड कर | |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **२,४३८,६९०** |
| **चालु सम्पत्ति** | |
| अन्तिम मौज्दात | |
| **वित्तिय सम्पत्ति** | |
| आसामी | ४३,९९२,८७१ |
| नगद र बैंक मौज्दात | १,६०७,४७७ |
| मुद्दती निक्षेपमा लगानी | |
| अन्य चालु सम्पत्ति | ३,८०७,५४५ |
| चालु कर सम्पत्ति | |
| **जम्मा चालु सम्पत्ति** | **४९,४०७,८९३** |
| **जम्मा सम्पत्ति** | **१,४५६,४०२,७५१** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | ५५०,०००,००० |
| जगेडा तथा कोषहरु | (१३२,५३८,४५१) |
| **जम्मा पूँजी, जगेडा तथा कोषहरु** | **४१७,४६१,५४९** |
| **दायित्व** | |
| **गैह्र चालु दायित्व** | |
| **वित्तिय दायित्व** | |
| बैंक ऋण (दिर्घकालिन) | ८६७,७७२,३७५ |
| अन्य वित्तिय दायित्व | |
| व्यवस्थाहरु | |
| डेफर्ड कर | |
| अन्य दायित्व | |
| **जम्मा गैह्र चालु दायित्व** | **८६७,७७२,३७५** |
| **चालु दायित्व** | |
| **वित्तिय दायित्व** | |
| बैंक ऋण (अल्पकालिन) | ८६,९६८,०२२ |
| अन्य भुक्तानी गर्न बाँकी दायित्व | ४८,०९०,१०८ |
| अन्य वित्तिय दायित्व | १०,५७४,७२६ |
| चालु कर दायित्व | |
| व्यवस्थाहरु | |
| अन्य दायित्व | २५,५३५,९७२ |
| **जम्मा चालु दायित्व** | **१७१,१६८,८२८** |
| **जम्मा दायित्व** | **१,०३८,९४१,२०३** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,४५६,४०२,७५२** |

## नाफा-नोक्सान हिसाव

**रकम रु. मा**

| **विवरण** | आ.व.२०७९/०८० (आषाढ मसान्त सम्म) |
|---|---|
| आम्दानी | ९७,४५८,४४१ |

| | |
|---|---|
| **बिक्री लागत** | |
| संचालन खर्च | २१,१७०,७९६ |
| **कूल नाफा** | **७६,२८७,६४५** |
| ह्रास कट्टी | ५५,२५०,४१७ |
| अन्य आम्दानी | ४०,०७५,९३५ |
| प्रशासनिक खर्च | १५,५८०,९२५ |
| स्थिर सम्पत्ति बिक्रीमा नाफा/(नोक्सान) | |
| **संचालन नाफा** | **४५,५३२,२३८** |
| वित्तीय आम्दानी | - |
| वित्तीय लागत | ११९,१२१,५६२ |
| **आयकर अघिको नाफा / (नोक्सान)** | (७३,५८९,३२४) |
| **आयकर खर्च** | |
| **कर्मचारी** | |
| यस वर्षको आयकर | |
| डिफर्ड कर | - |
| **खुद नाफा** | (७३,५८९,३२४) |
| **अन्य कम्प्रिह्यन्सिब आय :** | |
| **खुद नाफामा समावेश नगरिएको अन्य कम्प्रिह्यन्सिब आय :** | |
| क. इक्विटी इन्स्ट्रुमेन्टबाट भएको कम्प्रिह्यन्सिब आय | |
| ख. पुनः वर्गीकरण नगरीने वस्तुको नाफा वा नोक्सानको कर | |
| **कर पछिको अन्य कम्प्रिह्यन्सिब नाफा / (नोक्सान)** | |
| **कर पछिको जम्मा कम्प्रिह्यन्सिब नाफा / (नोक्सान)** | (७३,५८९,३२४) |

## नगद प्रवाहको विवरण

**रकम रु. मा**

| विवरण | आ.व.२०७९/०८० (आषाढ मसान्त सम्म) |
|---|---|
| **क. संचालन गतिविधिको नगद प्रवाह** | |
| कर पछिको मुनाफा | (७३,५८९,३२४) |
| **समायोजनः** | |
| ह्रास कट्टी | ५५,२५०,४१७ |
| वित्तीय आम्दानी | (४०,०७५,९३५) |
| वित्तीय लागत | ११९,१२१,५६२ |
| स्थिर सम्पती बिक्रीमा नाफा/(नोक्सान) | |
| इक्विटी विधिबाट लगानीमा भएको नाफा/(नोक्सान) | |
| पोस्टेड राइट अफ | |
| **कार्यशील पूँजीमा एड्जष्टमेन्टः** | **६०,७०६,७२०** |
| आसामीमा (बढि) / घटि | ९,१०८,३०७ |
| अन्य सम्पती (बढि) / घटि | ६,९७८,३०० |
| मुद्दती निक्षेपमा लगानी (बढि) / घटि | |
| अन्तिम मौज्दात (बढि) / घटि | |
| अन्य भुक्तानी गर्न बाँकी दायित्वहरुमा बढि / (घटि) | १५,३७५,९८१ |
| वित्तिय दायित्व बढि / (घटि) | १,७७०,१४९ |
| अन्य दायित्व बढि / (घटि) | (१३,९०२,९६८) |
| चालु कर सम्पती (बढि) / घटि | |
| चालु कर दायित्व बढि / (घटि) | |
| व्यवस्थाहरुमा बढि / (घटि) | |
| **संचालनबाट नगद प्रवाह** | **८०,०३६,४८९** |
| तिरिएको आयकर खर्च | |
| पछिल्लो वर्षको समायोजन | |
| **संचालन गतिविधिको खुद नगद प्रवाह** | |
| **ख. लगानी गतिविधिको खुद नगद प्रवाह** | |
| स्थिर सम्पत्तिको विक्रि | |

| | |
|---|---|
| विक्री गर्न राखिएको सम्पतीको बिक्रीबाट | ४०,०७५,९३५ |
| वित्तीय आम्दानी | |
| अन्य पूँजी लगानीमा (बढि) / घटि | |
| सम्बद्व कम्पनीहरुमा लगानी (बढि) / घटि | |
| सहायक कम्पनीमा लगानी (बढि) / घटि | |
| स्थिर सम्पत्तिको खरिद | |
| अर्मुत सम्पतीको खरीद | |
| मुद्दती निक्षेपमा लगानी | |
| नगद वाहेकको बैंक ब्यालेन्स | |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **४०,०७५,९३५** |
| **ग. वित्तिय गतिविधिको नगद प्रवाह** | |
| शेयर पूँजीको निष्काशन | |
| शेयर निष्काशन खर्च | |
| ऋण (लिइएको) | ३८५,४३० |
| ऋण (तिरिएको) | |
| लभाशं वितरण | |
| वित्तीय लागत | (११९,१२१,५६२) |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **(११८,७३६,१३२)** |
| **खुद नगद प्रवाहमा बढि / (घटि)** | **१,३७६,२९२** |
| **खुद विदेशी विनिमयमा भिन्नता** | |
| वर्षको सुरुमा नगद तथा बैंक मौज्दात | २३१,१८५ |
| **आषाढ मसान्त सम्मको नगद तथा बैंक मौज्दात** | **१,६०७,४७७** |

## स्व : पूँजीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम कोष | जगेडा कोष | जम्मा शेयरधनी कोष |
|---|---|---|---|---|
| **आषाढ मसान्त २०७९ सम्म** | ५५०,०००,०००.०० | - | (५८,९४९,१२५.००) | ४९१,०५०,८७५.०० |
| जारी गरिएको नयाँ शेयर | - | - | - | - |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | (७३,५८९,३२३.००) | (७३,५८९,३२३.००) |
| शेयर निष्काशन खर्च | - | - | - | - |
| लाभांश वितरण | - | - | - | - |
| **२०८० आषाढ मसान्त सम्म** | ५५०,०००,०००.०० | - | (१३२,५३८,४४८.००) | ४१७,४६१,५५२.०० |

*संचालकहरुबाट लिएको ऋणमा ब्याज दिन नपर्ने भएकोले दफा (ण), (त) तथा त(१) को विवरणमा समावेश नगरिएको ।

त. (२) **धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्ध कार्य शुरु गर्नेछौं ।

थ) **संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित आर्थिक जोखिमहरु :**

(१) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**

–नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

–परियोजना निर्माणका लागी बैंकबाट ऋण प्राप्त हुन नसकेमा जोखिम उत्पन्न हुनेछ ।

(२) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

– जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

– निर्माण सम्पन्न परियोजनाहरुको मर्मत सम्भार गर्दा तथा निर्माणाधीन आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको अभाव हुँदा जोखिम उत्पन्न हुने ।

(३) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** बजारको जोखिम नरहेको ।

– कम्पनीको परियोजनाहरुबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नरहेको ।

– नेपाल विद्युत प्राधिकरण पुर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत विक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

(४) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम :** यस कम्पनीले हकप्रद शेयर निश्कासनबाट प्राप्त रकम निर्माणाधीन छुजुङ्गखोला जलविद्युत आयोजनाको निर्माणमा जानु पुर्व प्रतिस्ठित परामार्शदाताहरु बाट अध्ययन गराई उहाँहरुको सल्लाह तथा सुझावहरु अनुसार योग्य ठेकेदार कम्पनीहरुलाई निर्माणको सम्पूर्ण जिम्मा दिने गरी आगामी योजना बनाईएको हुँदा आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना न्युन रहेको छ । यद्यपी निर्माण कार्य गर्दे जादा काबुबाहिरको परिस्थिति उत्पन्न भई आयोजना समयमा सम्पन्न गर्न नसकेको खण्डमा मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम रहने छ ।

(५) **विदेशी विनिमयको जोखिम :** आयोजना निर्माण गर्दा आवश्यक इलेक्ट्रोमेकानिकल उपकरण तथा स्टिल प्लेट खरीद गर्दा विदेशी मुद्रामार्फत आयात हुने भएकोले विदेशी मुद्राको विनियम दरमा हुने परिवर्तले आयातित वस्तुको मुल्यमा वृद्धि हुने जोखिम रहेको । तथापी विदेशी मुद्राको विनियम दर घटेमा यस वाट आयोजना भने लाभान्वित हुनेछ ।

(६) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :** यस कम्पनीले निमार्ण गरेको घलेम्दीखोला जलविद्युत आयोजना (५ मेगावाट) विगत ३ वर्ष भन्दा बढी देखि संचालनमा रहेको छ भने हाल कम्पनीले लगानी गरि निर्माण गर्न लागेको छुजुङ्गखोला जलविद्युत आयोजना (६३ मेगावाट) को पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु तथा प्राप्त गर्नुपर्ने सम्पुर्ण इजाजतपत्रहरु प्राप्त गरि सकेकोले सो जोखिम नरहेको ।

(७) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दीबाट निर्माण सामाग्रीको मुल्यमा हुने वृद्धि ले मूल्य अभिबृद्धि हुने जोखिम तथा शेयर बजारमा आउने उतारचडाव ले गर्दा शेयर बजार मुल्यमा हुने जोखिम रहेको छ ।

(८) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा नेपाल सरकार तथा अन्तराष्ट्रिय नियमहरुमा नितिगत परिवर्तन हुँदा हाल बिद्यमान व्यवस्था अनरुप नभएको खण्डमा लागत वढ्ने जोखिम घट्ने संभावना दुवै रहका छन् ।

(९) **सञ्चालन अनुभवको अभाव :**यस कम्पनीले यस अगावै घलेम्दीखोला जलविद्युत आयोजना (५ मेगावाट) भुकम्प, नाकावन्दी, प्रसारण लाइनको समस्या, तरलता अभाव तथा अन्य परिस्थितिका बाबजुद निर्माण सम्पन्न गरि विद्युतको व्यवसायिक उत्पादन गरिसकेको छ । यही अनुभव र जुझारुपनले यस निर्माणधिन छुजुङ्गखोला जलविद्युत आयोजना को निर्माणमा टेवा पुग्ने हुँदा सञ्चालन अनुभवको अभावको जोखिम नरहेको ।

(१०) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने विद्युत नविकरणीय हुन्छ , जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम

रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम व्यवसाय हो । तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ । यसको कच्चा पदार्थ कतैबाट Load गरी ल्याउन पर्ने हुदैन । अनि कच्चा पदार्थका लागि सरकारलाई रोयल्टी बाहेक अरु कसैलाई केही तिर्नुपर्ने पनि हुदैन ।

(११) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** :
दैबिप्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै आम्दानीमा असर पर्ने छ । जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, वाढी पहिरो जस्ता कारणले हुने क्षती र यसबाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्युनिकरणका लागी परियोजनाको सम्पुर्ण सम्पतीलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ । जलवायु परिर्वतन बाट खोलामा पानीको वहावमा घटबढ हुन गई तदअनुरुप विद्युत उत्पादनमा घटवढ हुन सक्दछ । पानी कम भई विद्युत उत्पादनमा कम भएमा नेपाल विद्युत प्राधिकरणलाई हर्जना तिर्नु पर्ने भएकोले आयोजनाको क्षमता निर्धारण पूर्व Hydrology को बारेमा गहिरो अध्ययन गरिएको यसको जोखिम न्यून रहेको छ ।

(१२) **देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु :** देशको राजनैतिक अस्थिरताका कारण सरकारले लिएका गलत निर्णयले अर्थतन्त्रमा नकारात्मक परिवर्तन आएमा, देशमा तरलता अभाव भएमा, नितिगत निर्णयमा नियमक निकायको भरपर्दो भुमिका नरहेमा, आर्थिक तथा नितिगत जोखिम रहेको ।

(१३) **पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु :** घलेम्दी हाईड्रो लिमिटेडले नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई कारोबार गरिरहेको कम्पनी हो । कम्पनीको शेयर को बजार मुल्य लागत मुल्य तथा किताव मुल्य भन्दा अधिक रहेको छ सो कारण हाल जोखिम नरहेको ।

(१४) **सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :** उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । आजको विश्व बजार नविकरणीय उर्जा उत्पादन लाई प्रोत्साहन गर्दै जलवायु पविर्तनको जोखिमलाई न्युनिकरण गर्ने भन्ने धाराणका साथ अगाडि बढेको छ । यसै सर्न्दभमा हाल हाम्रा ठुला छिमेकी राष्ट्र भारत र चिन दुवै यसै अवधारणलाई पछ्याउदै नविकरणीय उर्जा मार्फत आफ्नो देशको उर्जा संकट समाधान गर्न तल्लिन देखिएका छन् । हालै भारतद्धारा १०००० मेगावाट विद्युत आयात गर्ने धोषण गरे संगै निकट भविष्यमा जलविद्युत आयोजनाको माग ज्यदै बढेर जाने संकेत गरेको छ । साथै हाल नेपालमा विद्युतको माग धेरै र आपूर्ति न्यून रहेको कारण जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने । विश्वव्यापीकरण का कारण देशमा हुन लागेको जिवस्तरमा विद्धि र बिद्युत मार्फत प्रयोग हुने सामाग्रिको उपयोग, वजारिकरणका कारण खुल्ने उद्योग, व्यवसायका कारण जलविद्युतको आवश्यकता बढेरनै जाने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै कावुवाहिरको परिस्थितिका कारण पर्न सक्ने जोखिमको लागि जोखिम न्यूनिकरण गर्न विमा समेत गरिएको छ

### कम्पनीको संचालनमा रहेका जलविद्युत आयोजनाको बिमा विवरण

| क्र.सं. | आयोजना तथा बीमा विवरण | बीमा मिति | बीमा अवधि | बीमा कम्पनी | बीमाङ्क रकम |
|---|---|---|---|---|---|
| १ | घलेम्दी खोला जलविद्युत आयोजनामा रहेका मेसिनरी तथा सम्पूण संरचनाहरु | २०७९/११/१४ | २०८०/११/१३ | प्रभु ईन्सुरेन्स लि. | ९५,२१,४०,२११/- |
| २ | घलेम्दी खोला जलविद्युत आयोजनामा उत्पादन हुने विद्युत | २०७९/११/१४ | २०८०/११/१३ | प्रभु ईन्सुरेन्स लि. | १७,१४,४५,५५९/- |

(१५) **धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम** : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भए पश्चात "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" ले निर्धारित गरेको समय भित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने छ । निष्काशन गरिएको हकप्रद शेयर पूर्ण रुपमा बिक्री नभएमा, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, तथा धितोपत्र बाँडफाँड निर्देशिका, २०७४ मा रहेको व्यवस्था अनुरुप बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रवन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गरिने छ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कम्पनीको रजिष्ट्रर्ड कार्यालय का.म.न.पा,वडा नं-१६, वनस्थली, काठमाण्डौं तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राखि कम्पनीको प्रवन्धपत्र नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने छ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण :** प्रत्याभुति नगरिएको ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिनभित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्विकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

कम्पनीको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : २ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ २ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्ने छैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने छ ।

ट) रु.५,००,०००/-भन्दा बढीको आवेदन दिनेले PAN नम्बर खुलाउनुपर्ने छ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालाना गर्नुपर्ने कुराहरु** :सो नभएको

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) कम्पनीको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था वाई. वि. एस एण्ड एसोसियटस रहेको छ । चार्टड एकाउण्टेण्टस् संस्था ए.एस.यु.एस. एसोसियटसबाट गरिएको आर्थिक बर्ष २०७८/०७९को लेखापरिक्षकको प्रतिवेदने यस विवरणमा उल्लेख गरिएको छ ।

ख) कम्पनीको कम्पनी सचिवमा श्री अनिल पौडेल रहनुभएको छ ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी ए.एस.यु.एस. एसोसियटसले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ पुरक भएको व्यहोरा व्यवसायीक संस्था ए.एस.यु.एस. एसोसियट्सले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**१) हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

मिति २०८०/०१/१६ गते कम्पनीको नवौं वार्षिक साधारण सभाबाट विशेष प्रस्ताव पारित भए बमोजिम चुक्ता पूँजी रु.५५,००,००,०००/- को १:२ को अनुपातमा रु.१,१०,००,००,०००/- बराबरको १,१०,००,००० थान हकप्रद शेयर निष्काशनको उद्देश्य मुख्यतया घलेम्दी हाईड्रो लिमिटेडलाई माथिल्लो स्तरमा पुऱ्याउन, यस लिमिटेडको देशमा विद्यमान उर्जा संकट निवारणमा रहेको योगदान अझ बढाउनको लागि र शेयरधनी लगानीकर्ताहरुको विश्वास बढाउने उद्देश्यका साथ निम्न फाईदाहरुका कारण यस कम्पनीले छुजुङ्गखोला जलविद्युत आयोजनामा लगानी गर्ने निर्णय लिएको हो ।

**अ) औषत प्रतिमेगावाट लागत घटाउन :**

हामीले छुजुङ्गखोला जलविद्युत आयोजनामा लगानी गर्दा निम्न अनुसार औषत प्रतिमेगावाट लागत घटाउन सकिने हुँदा,

| आयोजना | क्षमता | लगत |
|---|---|---|
| घलेम्दीखोला जलविद्युत आयोजना | ५ मेगावाट | १४० करोड |
| छुजुङ्गखोला जलविद्युत आयोजना | ६३ मेगावाट | ९३० करोड |
| **जम्मा** | **६८ मेगावाट** | **१०७० करोड** |
| प्रतिमोगावाट लागत | | १५.७३ करोड |

यो लागत राम्रो प्रतिफल दिईरहेका धेरै आयोजनाहरुको प्रति मेगावाट लागत भन्दा कम हुने हुँदा यो आयोजनामा लगानी गर्दा शेयरधनीहरुलाई उचित लाभंश दिनसकिने छ ।

**आ) प्रति शेयर आम्दानी (EPS) बढाउनः**

लागत बढ्दा Equity र Bank Loan दुवै बढेको कारणले हामीले Bank Loan को Interest र Principal दुवैमा आम्दानीको अधिकांश हिस्सा लगाइरहेका छौ र लगाइरहनु पर्ने देखिन्छ । यसले गर्दा हाम्रो घलेम्दी हाईड्रो लिमिटेडको Earning per share (EPS) एकदमै कम रहने छ । यो अवस्थाबाट पार लगाउनको लागि हामीले छुजुङ्गखोला जलविद्युत आयोजना (६३ मेगावाट, ४ घण्टा अर्ध-जलासययुक्त) मा लगानी गर्ने गरी अगाडी बढेका छौ ।

यसो हुँदा,

| साग्रिला उर्जा लिमिटेडको औषत प्रति शेयर आम्दानी (क) | घलेम्दी हाईड्रो लि को साग्रिला उर्जा लिमिटेडमा रहने शेयर संख्या (ख) | साग्रिला उर्जा लिमिटेडबाट प्राप्त हुने वार्षिक औषत आम्दानी ( ग=क ८ ख) | हकप्रद शेयर पछी कायम हुने घलेम्दी हाईड्रो लि. को शेयर संख्या (घ) | प्रतिशेयर आम्दानीमा हुने वृद्धि (ङ=ग/घ) |
|---|---|---|---|---|
| रु. ६५ | १,१०,००,००० | रू.७१,५०,००,०००/- | १,६५,००,००० | रु. ४३.३३ |

यसरी हेर्दा घलेम्दी हाईड्रो लिमिटेडलाई छुजुङ्गखोला जलविद्युत आयोजनामा लगानी गर्दा प्रति शेयर आम्दानी ३० वर्ष औषतमा वार्षिक ४३ रुपैयाँ भन्दा बढीले बढ्ने छ ।

**ई) घलेम्दी हाईड्रो लिमिटेडको Return Period बढाउनः**

घलेम्दी हाईड्रो लिमिटेडले २०७० मा ३५ वर्षका लागि Generation License प्राप्त गरेको थियो । जसको संचालन अवधि २१०५ सम्म रहन्छ । त्यस्तै, छुजुङ्गखोला जलविद्युत आयोजनाको संचालन अवधि २११४ चैत्र २ गते सम्म रहेको छ । यसरी हेर्दा घलेम्दी हाईड्रो लिमिटेडका शेयरधनीहरुले अर्को ९ वर्ष Returnपाईरहने छन् ।

**२) हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस हकप्रद शेयर निष्काशन तथा सम्बन्धी व्यवस्थागत विवरण बमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन् ।

क) अत्यन्त मेहनत गरी कमाएको खान लगाउनमा लाग्ने खर्च कटौती गरी मध्यम र निम्न मध्यम वर्गका मानिसहरुको लगानी बाट स्थापित यस कम्पनीले हाल सम्म कुनै प्रतिफल दिन नसकेको र अन्य राम्रो ठाउँमा लगानी नगरुन्जेल प्रतिफल दिन सक्ने अवस्था नदेखिएको तर साग्रीला उर्जा प्रा लि द्वारा प्रवर्द्धन भै रहेको छुजुङ्गखोला जलविद्युत आयोजनामा लगानी गर्दा त्यसबाट आउने प्रतिफललेनै घलेम्दी हाईड्रो लिमिटेडका शेयरधनीहरुलाई थप ४३ रुपैया भन्दा बढी प्रतिशेयर आम्दानी अर्को ३० वर्ष प्रदान गर्न सकिने देखिएकोले हकपद शेयर निष्कासन अत्यन्त आवश्यक देखिन्छ ।

ख) कम्पनीले लगानी थप गरि आयोजनाहरु निर्माण गर्दे जाने आफ्नो योजना अनुरुप RoR भन्दा PRoR क्षमताका जलविद्युत आयोजनामा लगानी गर्दा यस बाट धैरै प्रतिफल प्राप्त गर्न सकिने भएकोले ।

ग) लगानी गर्न लागेको छुजुङ्गखोला जलविद्युत आयोजना (६३ मेगावट, ४ धण्टा अर्धजलाशय) राम्रो उचाई (High Head) अर्धजलाशय (PROR) आयोजना, भएको हुनाले यसको प्रतिमेगावाट लागत औसत भन्दा कम र आम्दानीको प्रक्षेपण अधिक रहेको छ जसमा लगानी गर्दा धैरै प्रतिफल प्रप्त गर्न सकिने भएकोले ।

घ) छुजुङ्गखोला जलविद्युत आयोजना वरिपरी रहेका बुकान खोला जलविद्युत आयोजना (४४ मेगावाट) एवं अपर छुजुङ्गखोला जलविद्युत आयोजना (४० मेगावाट) संग छुजुङ्गखोला जलविद्युत आयोजनाले पुल, साझा बाटो, साझा ट्रान्समिसन लाइन, र Construction Power Line मा लागत साझा गर्ने सहमति

भैंसकेकोले यस बाट प्रतिमेगावाट लागत घट्ने हुँदा लगानी गर्दा धैरै प्रतिफल प्राप्त गर्न सकिने भएकोले ।

ङ) कम्पनीले आफ्नो पूँजी वृद्धि गरी बढ्दै गईरहेको प्रतिस्पर्धालाई समेतलाई ध्यानमा राखि कम्पनीको स्थीतिलाई अझ मजबुद बनाउन ।

च) जलविद्युतको माग देश तथा छिमेकी राष्ट्रहरुमा पनि बढ्दो क्रममा रहेको हुनाले यसमा भएको लागानी सुरक्षित रहेको र निकट भबिष्यमा अझै सवल भएर जाने हुनाले ।

**३) निष्काशनबाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :**

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम रु.१,१०,००,००,०००/-(अक्षरेपी एक अर्ब दस करोड मात्र) सांग्रिला उर्जा लिमिटेडमा निम्न शेयर संरचना हुने गरि यस कम्पनीद्धारा निर्माण गर्न लागेको छुजुङ्गखोला जलविद्युत आयोजना (६३ मेगावाट, ४ घण्टा अर्ध-जलासययुक्त) मा लगानी गरिन लागेको हो ।

| | |
|---|---|
| घलेम्दी हाईड्रो लिमिटेडको हकप्रद शेयर लगानी | ११० करोड (शेयर लगानीको ५९.१४ %) |

**घलेम्दी हाईड्रो लिमिटेडको हकप्रद शेयर लगानी बाट छुजुङ्गखोला जलविद्युत आयोजनामा निम्नअनुशारको निर्माण कार्य गर्ने लक्ष्य गरिएको छः**

| **क्र. स** | **कामको विवरण** | **रकम (रु.)** |
|---|---|---|
| १ | बाटो, पुल निर्माण तथा कन्ट्रक्सन पावर | ४०,००,००,०००.०० |
| २ | बसोवासको लागि पूर्वाधार निर्माण(Site Camp & Facilities) | १०,००,००,०००.०० |
| ३ | बाँधस्थलको सम्पूर्ण Excavation Works | ३५,००,००,०००.०० |
| ४ | प्रथम चरण को लागि Blasting Material को खरिद | १०,००,००,०००.०० |
| ५ | सुरुवाति चरणमा मुख्य सुरुङ्ग तथा शाखा सुरुङ्ग को Portal खन्न | १५,००,००,०००.०० |
| | **जम्मा** | **१,१०,००,००,०००.००** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा २१ दिनका लागि खुल्ला राखिनेछ । सो अवधि भित्र निष्काशन गरिएको सवै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री घलेम्दी हाईड्रो लिमिटेड, का.म.न.पा,वडा नं-१६, वनस्थली,काठमाण्डौं । |
| २. | श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं तथा शाखा कार्यालयः पोखरा–चिप्लेढुङ्गा । |
| ३. | श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, शाखा कार्यालयहरु : बिर्तामोड, विराटनगर, बिरगंज, जनकपुर, कुमारीपाटी, ठिमी, नारायणगढ, पोखरा–नागढुङ्गा, बेनी, बुटवल ,वीरेन्द्रनगर, नेपालगञ्ज, धनगढी र महेन्द्रनगर । |
| ४. | श्री प्रभु बैंक लिमिटेड, शाखा कार्यालय : अन्नपूर्ण-पोखरे बगर । |
| ५. | श्री गरिमा विकास बैंक लिमिटेड, शाखा कार्यालय : अन्नपूर्ण-पोखरे बगर । |
| ६. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल ,काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री घलेम्दी हाईड्रो लिमिटेडको वेभसाइट www.ghalemdi.com तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेडको वेभसाइट www.muktinathcapital.com मार्फत हेर्न सक्नेछन् ।
साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु मुक्तिनाथ क्यापिटल लिमिटेड, घलेम्दी हाईड्रो लिमिटेड तथा नेपाल धितोपत्र बोर्डको वेभसाइटमा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**निष्काशन बैंक (Banker to the Issue):**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा लुम्बिनी विकास बैंक लिमिटेड, डिल्लीबजार, काठमाण्डौलाई तोकिएको छ र निष्काशन बैंकले खाता नं.०११००१२०००४१०२००००३५ प्रदान गरेको छ भने बैंक खाताको नाम MUKTINATH CAPITAL LTD-GHL RIGHT रहेको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मिति भन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**
यस कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३, विद्युत नियकमन आयोग तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको उदघोषण कम्पनीको रहेको छ ।
साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम कम्पनीका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको कम्पनीको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो ।

**संगठित संस्था अद्यावधिक रहेको सम्बन्धमा :** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/०४/२५ मा संगठित संस्थाको नामको पत्र अनुसार आ.व. २०७९/०८० सम्म अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमीटेड (Infomerics Credit Rating Nepal Limited), बानेश्वर ,काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८०/०४/२४ गते IRN B (Is) [Single B (Issuer)] प्रमाणपत्र प्राप्त गरेको छ । IRN B (Is) [Single B (Issuer)]ले कम्पनीको High risk of default regarding timely servicing of financial obligations रहेको जनाँदछ । इन्फोमेरिक्स रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA (Is) देखि IRN D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड IRN AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड IRN D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड IRN B (IS), IRN C (IS), IRN D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने (जोड) वा (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ ।
रेटिङ्ग प्रदान गरेको मिति : साउन २४, २०८० (अगष्ट ०९, २०२३)

रेटिङ्ग बहाल रहने अवधि मिति : साउन २४, २०८१ (अगष्ट ०८,२०२४)

**श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक बर्षमा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७७/०७८ | ३८७ | ५० | ३०५ | ३७,१५,८५५ |
| २०७८/०७९ | ५५५.९ | १६९ | २०८ | ७१,१६,४०९ |
| २०७९/०८० | ३०९ | १६४.२४ | २२२ | ८३९८३५४ |

पछिल्लो तीन महिनामा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मूल्य (रु.) | न्युनतम शेयर मूल्य (रु.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| असार २०८० | २५०.९ | २१३.३ | २२२ | ६,६९,६२३ |
| साउन २०८० | २३० | १८०.१ | १८२ | २,६०,४१३ |
| भाद्र २०८० | १८७ | १५९ | १६६.१० | १,४८,९२६ |

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।**

| क्र.स | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री किशोर सुबेदी | अध्यक्ष | |
| २. | श्री नारायण बाबु अधिकारी | संचालक | |
| ३. | श्री उत्तम प्रसाद वैद्य | संचालक | |
| ४. | श्री प्रमोद श्रेष्ठ | संचालक | |
| ५ | श्री टंक प्रसाद बरुवाल | संचालक | |
| ६. | श्री शरद राज श्रेष्ठ | स्वतन्त्र संचालक | |
| ७. | श्री मनिषा प्रधान | संचालक | |
| ८. | श्री राजु कुमार शर्मा | संचालक | |

**स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्केषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धता पत्र (Due Deligence Certificate) प्रस्तुत गरेका छौं ।

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

Licensed by Securities Board of Nepal
Services:
» Issue Management » Share Registrar (RTS)
» Underwriting » Depository Participant
» Portfolio Management » Corporate Advisory

चलानी नं.:२४२/०८०/०८१

मिति : २०८०/०४/२६

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
खुमलटार, ललितपुर ।

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.

**विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१६, वनस्थली, काठमाण्डौमा ठेगाना भएको घलेम्दी हाइड्रो लिमिटेडले साविकका शेयरधनीहरुको लागि जारी गर्न लागेको रु.१,१०,००,००,०००/–बराबरको प्रति शेयर रु.१००/–अंकित दरका १,१०,००,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछु । साविकका शेयरधनीहरुको लागि हकप्रद शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानुनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धित बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. साविक शेयरधनीहरुलाई "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" र दरखास्त फारम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध निर्देशिकामा उल्लेखित सवै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तर्फबाट**
**मुक्तिनाथ क्यापिटल लिमिटेड**

नाम : कबिन्द्र ध्वज जोशी
पद : प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप :

Narayanchaur, Naxal, Kathmandu Tel: +977-01-4546108, 4546109, 4546470
Email: info@muktinathcapital.com | Website: www.muktinathcapital.com